

विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७ / ६६२०५५९



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



मजदुर विज्ञापन शाखा

नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदे विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



★ वर्ष : २८ ★ अङ्क : १४५ ★ ने. सं. ११४६ तछला थ्व, तृतीया ★ बुधबार ★ ३ असार, २०८३ ★ June 17, 2026, Wednesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८




युरोपेली देश ग्रीसको राजधानी एथेन्समा ग्रीक कम्युनिस्ट पार्टी (केकेई) को आयोजनामा क्युवामाथि अमेरिकी र युरोपेली नाकाबन्दीविरुद्ध 'क्युवमाथिको हस्तक्षेप बन्द गर !' 'क्युवा एक्लो छैन ।' भन्ने सन्देशकासाथ आयोजित विशाल ऐक्यबद्धता र्‍यालीपछिको जनसभा जून १५, २०२६ का दिन । र्‍याली र सभामा हजारौँ मजदुर, युवा, महिलाहरूको सहभागिता रहेको थियो । ट्रम्प प्रशासनले समाजवादी राष्ट्र क्युवामाथि इतिहासकै सबैभन्दा कठोर नाकाबन्दी र प्रतिबन्धहरू थोपेर सैन्य हमलाको तयारीसमेत गरिरहेको छ । *तस्बिर : क्युवा सोलिड्यारिटी/लेट क्युवा लाइभ*

# जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप – २८

**प्रहरी वृत्त नयाँ बानेश्वर काठमाडौंमा कार्यरत प्रहरी सहायक हवल्दार लक्ष्मण राज जैसी** :

२०८२।०५।२४ गते बिहान ७:०० बजेदेखि मलगायत २५-३० जना प्रहरी कर्मचारी कार्यालय सुरक्षार्थ खटिएका थियौँ । प्रदर्शनकारीहरूले बिहान १०:०० देखि १२:०० बजेसम्म पटकपटक कार्यालयमा ढुङ्गामुढा गरे । दिउँसो ४ देखि ५ हजारको भिडमा आएका प्रदर्शनकारीहरूले अन्यत्रबाट लुटेका हातहतियार, मट्टीतेल, डिजेल, पेट्रोल भरेका प्लास्टिकका बोतल, धारिला हतियार, फलामका रड, इँटा, ढुङ्गा, लाठीसमेतले प्रहरी वृत्त नयाँ बानेश्वरको कार्यालयमा आक्रमण गरे । हामीले भिडलाई रोक्न पटकपटक अश्रुग्यास तथा हवाई फायर गर्‍यौँ । नजिकै रहेको सशस्त्र प्रहरी पनि सो स्थानबाट अन्यत्र गए । त्यसपछि प्रदर्शनकारीहरू मूल गेट फोडेर कार्यालयभित्र प्रवेश गरे । उनीहरूले साथै ल्याएका मट्टीतेल, डिजेल, पट्रोल छर्किएर पार्किङमा रहेका सवारी साधन तथा कार्यालयमा आगो लगाए । पेट्रोल बमसमेत प्रहार गरेर ध्वस्त पारे ।

भिडलाई रोक्न सक्ने अवस्था नभएको हुँदा हामी नजिक रहेको V=S निकेतन स्कूलमा गयौं । आन्दोलनकारीहरू स्कूलमा समेत आएर जबरजस्ती बर्दी खोल्न लगाए । हामीलाई लाइनमा राखेर फलामे रड, धारिला हतियार, इँटा, ढुङ्गामुढा, मुक्का, लात्ता प्रहार गर्दै लेखेटी लखेटी कुटपिट गरे । त्यसपछि कार्यालयभन्दा १०० मिटर अगाडि बाग्मती पुलमुनि लगेर यातना दिए । जबरजस्ती बाग्मती खोलामा धकेलेर वारिपारिबाट निर्ममतापूर्वक इँटा, ढुङ्गा प्रहार गर्दै निर्घात कुटपिट गरे । सो घटनामा म घाइते भई एक दिन बानेश्वरस्थित निजामती अस्पताल र ६ दिन महाराजगञ्जस्थित नेपाल प्रहरी अस्पतालमा भर्ना भई उपचार गराएको हो । मेरो टाउकोलगायत शरीरको विभिन्न भागमा गहिरो चोट लागेको थियो । प्रदर्शनकारीहरूले प्रहरी कार्यालय तोडफोड गरी कार्यालयमा रहेका हातहतियार, गोलीगठ्ठा, नगद तथा जिन्सी मालसामान लुटेर आगजनीसमेत गरे ।

**प्रहरी प्रभाग कोटेश्वरमा कार्यरत प्रहरी सहायक हवल्दार गणेश खड्का** :

भदौ २४ गते प्रहरी प्रभाग कोटेश्वरमा अन्दाजी बिहान ११:०० बजे आन्दोलनकारीहरूले ढुङ्गा, इँटा, पेट्रोल बम, लाठीसमेतले प्रहार गर्न थालेपछि हामी पछि सर्दै कार्यालयको कम्पाउन्डभित्र प्रवेश गर्‍यौँ । उत्तेजित समूहले चारैतिरबाट ढुङ्गा, इँटा, खुकुरी, भालासमेतले आक्रमण गर्दा शरीरमा लगाएको बडी प्रोटेक्टर, हेल्मेट सिलसमेत टुटफुट भए । मेरो दाहिने हातको कान्छी औँलामा चोट लाग्यो । आत्मरक्षा गर्न नसक्ने अवस्था भएपछि सबै प्रहरी ज्यान जोगाउन भाग्न थाले । सो क्रममा म पनि भागेर प्रहरी प्रभागसँगै रहेको भृकुटी भवनभित्र प्रवेश गरी ज्यान जोगाएको हुँ । अन्य साथीहरू को कता गए थाहा भएन । मसँग भृकुटी भवनभित्र रहेका १५-१६ जना साथीमध्ये केहीलाई चोटपटक लागेको थियो ।

**प्रहरी प्रभाग कोटेश्वरमा कार्यरत प्रहरी सहायक हवल्दार रुद्रप्रसाद गौतम** :

२०८२ भदौ २४ गते बिहान अन्दाजी १०:३० बजे चार पाँच सय

*बाँकी पृष्ठ ८ मा*

# लक्ष्मीनरसिंह मन्दिर पुनर्निर्माणमा योगदान पुर्‍याउने र अभिषेक पाठ सम्पन्न गर्ने सहयोगीहरूलाई कदरपत्र प्रदान

भक्तपुर, २ असार । लक्ष्मीनरसिंह मन्दिरमा आयोजित अभिषेक पाठ तथा रुद्री पाठ कार्यक्रमको समापन समारोह आज एक भव्य कार्यक्रमबिच सम्पन्न भयो ।

समापन कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले लक्ष्मीनरसिंह मन्दिरको पुनर्निर्माणमा धेरै व्यक्ति तथा समुदायको योगदान रहेको बताउँदै यो कुनै एक व्यक्तिको प्रयासले नभई सम्पूर्ण नगरवासीको सहकार्य र मेहनतबाट सम्भव भएको बताउनुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले मूर्त र अमूर्त सम्पदाको संरक्षणलाई प्राथमिकतामा राख्दै आएको र सम्पदा पुनर्निर्माणका कार्यहरू अभिलेखीकरणसहित पारदर्शी ढङ्गले सञ्चालन गरिरहेको जानकारी दिनुभयो ।

प्रमुख प्रजापतिले भक्तपुरको सम्पदा संरक्षणको मोडल देशकै लागि उदाहरणीय बनेको उल्लेख गर्दै हालसम्म १७८ वटा सम्पदाको पुनर्निर्माण सम्पन्न भइसकेको र केही पुनर्निर्माणको क्रममा रहेको बताउनुभयो ।

आर्थिक सहयोग र श्रमदान सम्पदा संरक्षणका महत्त्वपूर्ण आधार भएको उल्लेख गर्दै उहाँले आत्मनिर्भर भएर आफ्नो स्वाभिमान जोगाउन भक्तपुर सफल भएको धारणा राख्नुभयो । उहाँले अभिषेक पाठ तथा रुद्री पाठ सम्पन्न गर्न सहयोग गर्ने सम्पूर्ण ब्राह्मण, व्यवस्थापन समिति तथा भक्तजनहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो ।


कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ४ का अध्यक्ष उपेन्द्र सुवालले भक्तपुर कला, संस्कृति र सम्पदाले सम्पन्न नगर भएको उल्लेख गर्दै नगरपालिकाले मूर्त तथा अमूर्त सम्पदाको संरक्षण र संवर्द्धनमा निरन्तर काम गरिरहेको बताउनुभयो । उहाँले पुराना सम्पदाहरूको पुनर्निर्माण गर्न भक्तपुरका कालीगड सक्षम रहेको उदाहरण लक्ष्मीनरसिंह मन्दिर भएको धारणा राख्नुभयो ।

कार्यक्रममा लक्ष्मीनरसिंह व्यवस्थापन समितिका अध्यक्ष न्हुच्छेराम भेलेले पुरुषोत्तम मासको अवसर पारेर अभिषेक पाठ तथा रुद्री पाठ आयोजना गर्नुको उद्देश्य मानव कल्याण रहेको बताउनुभयो । उहाँले ८० भन्दा बढी ब्राह्मणहरूको सहभागितामा रुद्री पाठ सम्पन्न भएको जानकारी दिनुभयो ।

जोशी समाजका प्रतिनिधि कृष्णराज जोशी तथा राजोपाध्याय समाजका संयोजक गिरीशराज शर्माले लक्ष्मीनरसिंह मन्दिरको स्थापनाकालदेखि यति ठूलो धार्मिक अनुष्ठान नभएको उल्लेख गर्दै ब्राह्मणहरूको उत्साहजनक सहभागितामा कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको बताउनुभयो । उहाँहरूले रुद्री पाठले धार्मिक चेतना अभिवृद्धि गर्नुका साथै समाजमा सद्भाव र सकारात्मक सन्देश प्रवाह गर्ने विश्वास व्यक्त गर्नुभयो ।

*बाँकी पृष्ठ २ मा*

**व्यङ्ग्यचित्रको कुनो**





## प्रभात इङ्गलिश सेकेण्डरी स्कूल

महाकालीस्थान, ब्यासी–६, भक्तपुर, फोन नं.: ०१६६१०४३८/६६१७५१४

**टेबुलटेनिस प्रतियोगितामा सहभागी हुनेबारे सूचना**

प्रभात इङ्गलिश सेकेण्डरी स्कूलको आयोजनामा भक्तपुर जिल्लाव्यापी विद्यालयस्तरीय टेबुलटेनिस प्रतियोगिता हुने भएकोले सम्पूर्ण विद्यालयहरूलाई सहभागिताको लागि अनुरोध गर्दछ ।

**प्रतियोगिता हुने विधाहरू**

| क्र.स | विधाहरू | उमेर समूह | दर्ता शुल्क |
|---|---|---|---|
| १ | टिम इभेन्ट (छात्र/छात्रा) | कक्षा १० सम्म अध्ययनरत | प्रतिटिम रु.१०००।– |
| २ | छात्र/छात्रा एकल | १६ वर्षमुनि | प्रतिखेलाडी रु.३००।– |
| ३ | छात्र/छात्रा एकल | १२ वर्षमुनि | प्रतिखेलाडी रु.३००।– |

**प्रतियोगिता सञ्चालन हुने मिति** : २०८३ असार २८ गतेदेखि ३० गतेसम्म

**नाम दर्ता गर्ने अन्तिम मिति** : २०८३ असार २५ गते, बिहीबारसम्म

**नाम दर्ता गर्ने स्थान** : प्रभात इङ्गलिश सेकेण्डरी स्कूल

**प्रतियोगिता हुने स्थान** : बेखाल टेबुलटेनिस कभर्ड हल, बेखाल–१०, भक्तपुर

**सम्पर्क नं.**: ०१–६६१७५१४, ९८४१६२१३२० (रवि सुवाल)



**मकै र धान खेतीले हरियाली चाखोला फाँट**

काभ्रेपलाञ्चोकको मण्डनदेउपुर नगरपालिकाको वडा नं ७ मनमति डाँडाबाट देखिएको मकै र धान खेतीले हरियाली मण्डनदेउपुर नगरपालिकाको उर्भर भूमि चाखोला फाँट । *तस्बिरः पेमा लामा/रासस*

# क्षतिपूर्ति दिलाउन सर्वोच्चको आदेश

काठमाडौँ, २ असार । सर्वोच्च अदालतले अव्यवस्थित सडकपेटी, ढल, सार्वजनिक संरचनाका कारण व्यक्तिले क्षति बेहोर्नुपरेमा क्षतिपूर्ति दिलाउन आदेश दिएको छ ।

न्यायाधीश हरिप्रसाद फुयाँल र नृपध्वज निरौलाको संयुक्त इजलासले २०८१ मङ्सिर १७ गते गरेको फैसलाको हालै सार्वजनिक भएको पूर्णपाठमा सार्वजनिक संरचनाका कारण व्यक्तिले क्षति बेहोर्नु परेमा क्षतिपूर्ति दिलाउन भनिएको छ ।

अधिवक्ता सुधिज्ञ पन्तले गृहमन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सहरी विकास मन्त्रालय र काठमाडौँ महानगरपालिकालाई विपक्षी बनाई दायर गर्नुभएको रिट निवेदनमा सार्वजनिक संरचना र त्यसको व्यवस्थापनमा हुने लापरबाहीका कारण नागरिकले नोक्सान बेहोर्नु परेकाले त्यसको क्षतिपूर्तिको व्यवस्था (दुष्कृतिसम्बन्धी कानुन कार्यान्वयन) हुनुपर्ने माग गरिएको थियो ।

पूर्णपाठमा भनिएको छ, "सडकपेटीमा प्रहरी पोष्ट खडा गरिएको हकमा प्रत्यर्थी गृह मन्त्रालयले र आफ्नो मातहत पर्ने निकायबाट सडकपेटी अतिक्रमण हुने अन्य कुनै कार्य गरिएको भएमा प्रत्यर्थी नेपाल सरकार, गृह मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सहरी विकास मन्त्रालय र काठमाडौँ महानगरपालिकाले आवश्यक निर्देशन जारी गरी त्यस्ता अतिक्रमण हटाउनु ।"

यस्तै, अदालतले निर्माण सामग्री, प्लाटफर्म, भऱ्याङ वा अन्य कुनै प्रकारका सामग्री राखी वा संरचना निर्माण गरी निजी व्यक्ति, कम्पनी एवं गैरसरकारी संस्थाबाट सडकपेटी अतिक्रमण गरिएको स्थानमा सो अतिक्रमण हटाउन काठमाडौँ महानगरपालिकालाई भनेको छ ।

"मन्त्रालयले आपसी समन्वय गरी सडकपेटीमा रहेको अतिक्रमण हटाउन सार्वजनिक सूचना जारी गरी उपयुक्त समय तोकी निर्देशन दिनु", पूर्णपाठमा भनिएको छ, "सूचनाबमोजिम सडकपेटीमा भएको अतिक्रमण नहटाइएका खण्डमा आवश्यक र उचित कदम चाली त्यस्तो अतिक्रमण हटाउन समन्वय एवं कारबाही गर्नु गराउनु ।"

अदालतले आफ्नो अधिकार क्षेत्रअन्तर्गत पर्ने सडकका सडकपेटी बिग्री नासिइ ढल खुला भएको स्थानमा सोको रेखदेख, सम्भार गरी भविष्यमा ढलमा खसी कसैले ज्यान गुमाउने वा ज्यान धनको क्षति व्यहोर्नुपर्ने अवस्थाको न्यूनीकरण एवं निवारण गर्नेतर्फ सम्बन्धित सबै सङ्घीय इकाई एवं मातहतमा पर्ने निकायले आवश्यक निर्देशन दिई सबै काम कारबाही गर्नु भनेको छ ।

साथै, सडकपेटीमा रहेको अतिक्रमण हटाउने एवं सडकपेटी व्यवस्थापनका सम्बन्धमा कार्यक्षेत्रको दुविधा सिर्जना भएमा सहकारिता, सहअस्तित्व, एवं पारस्परिक सहयोगका आधारमा आपसी समन्वय गर्नुसमेत अदालतले भनेको छ । ***(रासस)***

# बाल विकास सहजकर्ताहरूद्वारा नगर प्रमुखको ध्यानाकर्षण



भक्तपुर, २ असार । बाल विकास सहजकर्ता (ई.सी.डी. शिक्षक) सङ्घर्ष समिति भक्तपुरले मङ्गलबार आफ्नो नबढेको तलब सुविधालगायत विभिन्न मागहरूबारे ध्यानाकर्षण गर्न भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसमक्ष एक ध्यानाकर्षण पत्र बुझायो ।

ज्ञापनपत्रमा भनिएको छ - विद्यालय शिक्षाको मुख्य आधार पूर्व प्रावि तह हो । जुन तहमा २ वर्षदेखि ४ वर्षसम्मका कलिला बालबालिकाहरूको चौतर्फी विकास गर्न खटिएका हामी पूर्व प्रावि तहका शिक्षकका समस्या धेरै छन् । हालसम्म हामीलाई सरकारले शिक्षकको मान्यता नदिई बाल विकास सहजकर्ताको पद (नाम) ले सम्बोधन गरेको छ । हामी शिक्षकहरूलाई श्रम ऐनले तोकेको न्यूनतम ज्यालाभन्दा कम पारिश्रमिक दिइरहेको छ । मासिक रु. १२,०००।- मात्र पारिश्रमिक सङ्घीय सरकारले दिइरहेको छ । ईसीडी शिक्षकहरूलाई महँगी भत्ता, प्रोत्साहन भत्तालगायत कुनै किसिमको भत्ताको व्यवस्था छैन । विद्यालयमा कम्तीमा पनि ९:३० -४:३० बजेसम्म काम गर्नुपर्ने बाध्यता छ । यसले श्रम शोषण भइरहेको स्पष्ट छ ।

नेपाल सरकारले आ.व. २०८३/०८४ को बजेटमा ईसीडी शिक्षकहरूको पारिश्रमिक बारेमा कुनै सम्बोधन गरेको छैन । तर, अन्य राष्ट्रसेवक कर्मचारीहरूको पारिश्रमिक २१ प्रतिशतले वृद्धि भएको देखियो । यसको लागि प्रमुख जिल्ला अधिकारी र शिक्षा विकास तथा समन्वय एकाइमार्फत शिक्षामन्त्रीलाई ज्ञापनपत्र बुझाइसकेका छौँ ।

सङ्घर्ष समितिका अध्यक्ष सीतालक्ष्मी छुस्याकीद्वारा हस्ताक्षरित ध्यानाकर्षण पत्रमा लेखिएको छ - नेपालको संविधान २०७२ अनुसार विद्यालय तहको शिक्षाको व्यवस्थापनको जिम्मेवारी स्थानीय तहको हो । भक्तपुर नगरपालिकाले विगत वर्षहरूमा ईसीडी शिक्षकहरूको पारिश्रमिकको लागि थप आर्थिक अनुदान प्रदान गरेकोमा धन्यवाद व्यक्त गर्दछौँ । साथै आभारी पनि छौँ । यस आर्थिक वर्षमा पनि विगतको अनुदानलाई निरन्तरता दिई नेपाल सरकारको बजेटमा उल्लेख भएबमोजिम कम्तीमा २१ प्रतिशतले हुन आउने रकम वृद्धि गरी हामी ईसीडी शिक्षकहरूको जीवनयापन सहज बनाइदिनुहुन सविनय निवेदन गर्दछौँ ।

ज्ञापनपत्र बुझ्दै नगर प्रमुख सुनिल प्रजापतिले ईसीडी शिक्षकहरूको मागबारे कार्यपालिकाको बैठकमा प्रस्ताव लाने र शिक्षकहरूले भक्तपुरको शैक्षिक उन्नयनमा निरन्तर योगदान गर्ने विश्वास व्यक्त गर्नुभयो ।

ध्यानाकर्षण पत्र बुझाउने टोलीमा नेपाल क्रान्तिकारी शिक्षक सङ्घ केन्द्रीय समितिका कोषाध्यक्ष चक्रबहादुर चाकतु, जिल्ला समितिका अध्यक्ष गणेशराम थुसा, भक्तपुर नगर समितिका अध्यक्ष विष्णुप्रसाद दुमरुलगायतको उपस्थिति थियो ।

# तँचा भेगमा योजना छनोट गर्न राय - सुझाव सङ्कलन

भक्तपुर, २ असार । भ.न.पा.४ वडा समितिको आयोजनामा सोमबार स्थानीय तँचा भेगमा आ.व.२०८३/८४ को लागि योजना छनौट गर्न राय सुझाव सङ्कलन कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रममा सुझाव दिँदै शिक्षासेवी एवम् समाजसेवी पुष्पलाल सुजखूले वडा वडामा ई. पुस्तकालयको व्यवस्था गर्नुपर्ने, भग्नावशेष अवस्थामा रहेका घरहरूमा सरसफाइ गर्नुपर्ने, नागरिक भावना राखेर काम गर्न सिक्नुपर्ने, एकल महिला पुरुषलाई मनोपरामर्श दिने, बालबालिकाको तिनका मनोविज्ञान बुझेर व्यवहार गर्नुपर्ने, सामाजिक विकृति विसङ्गति हटाउन चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने, वडा वडामा स्वास्थ्य केन्द्र स्थापना गर्नुपर्ने, स्थानीय उत्पादनलाई ब्रान्डेड गरी बेच्न सकिने तालिम दिनुपर्ने बताउनुभयो ।

प्राध्यापक हरिसुन्दर सुवालले युवा विद्यार्थीहरूलाई एआईसम्बन्धी तालिम दिनुपर्ने, सूचना प्रविधिको उचित प्रयोगमा ध्यान दिनुपर्ने, नगरका मुख्य मुख्य स्थानमा फ्री वाइफाइ जोन बनाउनुपर्ने, सवारी साधन पार्किङको बन्दोबस्त गर्नुपर्ने, हनुमन्ते करिडोरको काम सम्पन्न गर्नुपर्ने, सडक बत्तीको बन्दोबस्त गर्नुपर्ने, लाबुछेँ ताहामला जोड्ने बाटोमा ढुङ्गा छपाइ गर्नुपर्ने, महादेव मन्दिर जीर्णोद्धार गर्नुपर्नेलगायतका सुझावहरू दिनुभयो ।

तारा मा.वि.का प्र.अ. प्रेमलक्ष्मी त्वायनाले टोल टोलमा सी.सी.क्यामेरा जडान गर्नुपर्ने, तारा स्कूलमा सुरक्षाको लागि वाल निर्माण गर्नुपर्ने बताउनुभयो ।

वडाध्यक्ष उपेन्द्र सुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा वडा सदस्य कृष्णसुन्दर प्रजापति, कुथुछेँ दाफाका सीताराम सुवाल, विद्यार्थी कञ्चन त्वायनालगायतले बोल्नुभयो ।

# चैते धानको न्यूनतम समर्थन मूल्य कार्यान्वयन गर्न मन्त्रालयको आग्रह

काठमाडौँ, २ असार । कृषि, वन तथा पर्यावरण मन्त्रालयले चालु आर्थिक वर्षका लागि नेपाल सरकारद्वारा निर्धारित चैते धानको न्यूनतम समर्थन मूल्य प्रभावकारी रूपमा कार्यान्वयन गर्न सरोकारवाला निकायसँग आग्रह गरेको छ ।

मन्त्रालयको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखाले सोमबार विज्ञप्ति जारी गर्दै उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि आधुनिकीकरण कार्यक्रम, नेपाल चामल, तेल, दाल उत्पादन सङ्घ र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय लगायतलाई चैते धानको न्यूनतम समर्थन मूल्य प्रभावकारी रूपमा कार्यान्वयन गर्न आग्रह गरेको हो ।

चालु आर्थिक वर्ष २०८२/८३ का लागि नेपाल सरकार मन्त्रिपरिषद्को गत चैत २४ गतेको निर्णयबाट १८ प्रतिशतसम्म चिस्यान भएको चैते धानको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल दुई हजार ८६६ रूपैयाँ ४१ पैसा निर्धारण गरिएको थियो ।

मन्त्रालयका सहसचिव ई जगन्नाथ तिवारीद्वारा जारी प्रेस विज्ञप्तिमा नेपाली धानले सस्तो भारतीय धानसँग प्रतिस्पर्धा गर्नुपरेको, चिस्यानका कारण भण्डारणमा समस्या भएको र कृषकले उचित मूल्य नपाएको गुनासो विभिन्न माध्यमबाट प्राप्त भएकाले यो कदम चालिएको उल्लेख छ ।

चैते धान भित्र्याउने समय वर्षात्को सिजन पर्ने भएकाले कृषकले न्यूनतम मापदण्ड कायम गरी भण्डारण गर्न नसक्ने र वर्षे धानखेतीका लागि तत्काल पैसा आवश्यकपर्ने हुँदा उनीहरू कम मूल्यमा सिजनमै धान बिक्री गर्न बाध्य हुने गरेको विज्ञप्तिमा उल्लेख छ ।

मन्त्रालयले मुलुकलाई खाद्यान्नमा आत्मनिर्भर बनाउन चैते धानखेतीको संरक्षण र विस्तार अपरिहार्य रहेको औँल्याउँदै कृषकको लागत र न्यूनतम मुनाफा सुनिश्चित गर्न सरकारी तथा निजी क्षेत्र दुवैको दायित्व भएको स्मरण गराएको छ ।

धान चामल उद्योगीसहित सरोकारवाला निकायसँग आवश्यक समन्वय गरी कृषकबाट निर्धारित मूल्यमा धान खरिद गर्ने प्रक्रिया सहज बनाउन मन्त्रालयले विशेष जोड दिएको छ । ***(रासस)***

# ट्राफिक प्रहरी कारबाही २१ लाख ८६ हजार राजस्व दाखिला

काठमाडौँ, २ असार । काठमाडौँ उपत्यका ट्राफिक प्रहरीद्वारा पछिल्लो २४ घण्टामा दुई हजार २९९ सवारीचालक सवारी नियम उल्लङ्घनको कारबाहीमा परेका छन् ।

त्यसबाट राज्यकोषमा रु. २१ लाख ८६ हजार ५०३ राजस्व दाखिला भएको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ । मादक पदार्थ सेवन गरेका ९५, नियमविपरीत 'राइड सेयरिङ' गरेका ९९, सङ्केत बत्ती उल्लङ्घनकर्ता १२९ र तीव्रगतिमा सवारीसाधन चलाउने १४७ जनालाई कारबाही गरिएको ट्राफिक प्रहरी प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिनुभयो ।

उहाँका अनुसार 'लेन' अनुशासन पालना नगर्ने १०८, निषेधित क्षेत्रमा हर्न बजाउने ११५, सडकपेटीमा सवारीसाधन पार्किङ गर्ने ८७, एकतर्फी सडकमा सवारी चलाउने ९८ र अन्य सवारी नियम उल्लङ्घन गर्ने एक हजार ४२१ जनालाई कारबाही गरिएको हो । ***(रासस)***

## सङ्क्षिप्त समाचार

## परीक्षा प्रणाली सुधार्दै कृषि विश्वविद्यालय

चितवन, २ असार । चितवन जिल्लास्थित कृषि तथा वन विज्ञान विश्वविद्यालयले परीक्षा प्रणालीलाई छिटो छरितो बनाउन सुरु गरेको छ ।

विश्वविद्यालयका आठ आङ्गिक र आठ सम्बन्धन प्राप्त कलेज छन् । सबैभन्दा बढी कृषिका विद्यार्थी अध्ययनरत छन् । एउटै सङ्कायको नतिजा आउन वर्ष दिनसम्म लाग्ने गरेकामा अहिले दुई महिनाभित्रमा नतिजा आउनेगरी काम सुरु गरिएको छ ।

विश्वविद्यालयका परीक्षा नियन्त्रक प्रा. डा. मनोज शाहले एकै समयमा परीक्षा सम्पन्न भएका परीक्षार्थीको नतिजा एकैपटक हुनेगरी काम भइरहेको बताउनुभयो । विश्वविद्यालयमा कृषि सङ्काय, पशु विज्ञान, पशु चिकित्सा तथा मत्स्य विज्ञान सङ्काय र वन विज्ञान सङ्काय स्नातक, स्नातकोत्तर र विद्यावारिधि पढाइ हुँदै आएको छ । विश्वविद्यालयका रजिष्ट्रार प्रा. डा. सुविर सिंहले थोरै विद्यार्थी भएकाहरूको सेमेस्टरको नतिजा एक महिनाभित्रमा र धेरै विद्यार्थी भएका सङ्कायको दुई महिनाभित्रमा नतिजा प्रकाशन गर्न सुरु गरिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "थोरै विद्यार्थी भएका स्नातकोत्तर र विध्यावारिधिको परीक्षा सकिएको एक हप्तामा नै नतिजा दिन थालिएको छ ।"

गत वैशाख ३० गते उपकुलपतिमा नियुक्त हुनुभएका प्रा. डा. होमबहादुर बस्नेत एक महिनामा नै नतिजा आउनेगरी काम भइरहेको बताउनुहुन्छ । *(रासस)*

## बाँकेका स्थानीय तहमा विपद् कोष सञ्चालन

नेपालगन्ज, २ असार । बाँकेका आठ वटा स्थानीय निकायले विपद् जोखिम न्यूनीकरणका लागि नीति निर्माणसँगै विपद् कोष सञ्चालन गरेका छन् ।

विपद् कोषमा, नेपालगन्ज उपमहानगरपालिकाले रु. एक करोड २८ लाख कोहलपुर नगरपालिकाले रु. १३ लाख ८२ हजार, खजुरा गाउँपालिकाले रु. ८१ लाख १० हजार, जानकी गाउँपालिकाले रु. १२ लाख ५८ हजार, डुडुवा गाउँपालिकाले रु. १० लाख, राप्तीसोनारी गाउँपालिकाले रु. दुई लाख ७३ हजार, नरैनापुर गाउँपालिकाले कोषमा रु. पाँच लाख, वैजनाथ गाउँपालिकामा ५५ लाख ४८ हजार जम्मा गरेका छन् ।

स्थानीय तहले सम्भावित विपद्को पूर्वानुमान गर्दै विपद् कोष सञ्चालन गरेको जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्रका सूचना अधिकृत रूपन ज्ञवालीले बताउनुभयो ।

नरैनापुर गाउँपालिकाका वन, वातावरण तथा विपद् व्यवस्थापन शाखाका प्रमुख विनोद चौधरीले नरैनापुरमा पटक पटक आगलागी र डुबानको समस्या हुने गरेको बताउनुभयो ।

बाँकेमा विपद् पूर्वतयारीका लागि आवश्यक सामाग्री भण्डारण गरिएका जिल्ला विपद् व्यवस्थापन समितिले, बाँकेले जनाएको छ । बाढी वा आगलागीका घटनामा परेकालाई उद्धारका लागि आठ स्थानीय तहमा १९ हेलिप्याड, १२ रबरबोटसहितका जनशक्ति राखिएको छ । *(रासस)*

## औसत मिति टर्यो : अझै मनसुन भित्रिएन

काठमाडौँ, २ असार । नेपालमा केही दिन मनसुन सुरु हुन ढिला हुने भएको छ । गत वर्षभन्दा यस वर्ष तीन दिन ढिला हुँदा पनि मनसुन भित्रिन सकेको छैन ।

जल तथा मौसम विज्ञान विभागकी प्रवक्ता विभूति पोखरेलले नेपालमा मनसुन सरदर जुन १३ मा प्रवेश गर्ने भए अझै केही दिन ढिला हुने जानकारी दिनुभयो ।

मौसमविद् पोखरेलले भू-उपग्रहबाट प्राप्त तथ्याङ्क तथा गणितीय मौसम पूर्वानुमानको विश्लेषणका आधारमा नेपालमा मनसुन सुरु हुन केही दिन ढिला हुने सम्भावना रहेको जानकारी दिनुभयो ।

नेपालमा हाल कोसी, वाग्मती र गण्डकी प्रदेशका साथै हिमाली र पहाडी क्षेत्रमा मेघगर्जनसहितको मध्यम वर्षा भइरहेको छ ।

"हाल प्रशान्त महासागरमा एलनिनो विकसित भइसकेको र अझै बलियो हुने क्रममा रहेको छ । जसले गर्दा नेपालको मनसुन आगमनमा समेत प्रभाव पर्ने र दक्षिण एसियालगायत नेपालको मनसुन कमजोर हुनसक्ने सम्भावना देखिएको छ", उहाँले भन्नुभयो ।

विगतमा सन् १९७२, १९८२, १९८३, १९८७, १९९२, १९९७, सन् २००२, २००९ २०१६, २०१९ र २०२३ मा पनि मनसुन ढिला प्रवेश भएको थियो । *(रासस)*


## स्काभेटरसहित अवैध उत्खननमा प्रयोग भएका १० टिपर नियन्त्रणमा

गोलबजार (सिरहा), २ असार । सिरहा जिल्ला प्रहरीले विभिन्न स्थानबाट नदीजन्य वस्तु अवैध रूपमा उत्खनन तथा ओसारपोसारमा प्रयोग भएका एउटा स्काभेटरसहित १० वटा टिपर नियन्त्रणमा लिएको छ ।

प्रहरीले सिरहा नगरपालिका-१३ गमहरियास्थित कमला नदीबाट एउटा स्काभेटर र टिपर नियन्त्रणमा लिएको छ भने गोलबजार नगरपालिका-३ गागनखोलनबाट आठवटा टिपर नियन्त्रणमा लिएको छ ।

सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेस क्याम्प गोलबजार र इकाला प्रहरी कार्यालय गोलबजारबाट खटिएको संयुक्त प्रहरी टोलीले ग्राभेल लोड गरेको ना४ख ८३७३, ना८ख १५१९, ना३ख ३८११, ना६ख ६९८८, मप्र०१-००१क०५१४, बाप्र०३-००१क ०३३८, प्र२-०१-००१क०१९० र मप्र०३-००१क ३८९३ नम्बरको टिपर नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सिरहाका निमित्त सूचना अधिकारी नरेश लिम्बूले जानकारी दिनुभयो ।

नदीजन्य वस्तु अवैध उत्खनन भइरहेको भन्ने सूचनाका आधारमा प्रहरी त्यस ठाउँमा पुगेपछि सबै टिपर चालक सवारीसाधन छाडेर भागेका प्रहरीले जनाएको छ । *(रासस)*



**सात धारा**

लमजुङको मध्य नेपाल नगरपालिका-१ स्थित जितामा रहेको ढुङ्गाको सात धारा । *तस्बिर : देवेन्द्र गुरुङ/रासस*

# बाँके निकुञ्जमा भौतिक पूर्वाधारमा लगानी गर्न आग्रह

नेपालगन्ज (बाँके), २ असार । यहाँका पर्यटन व्यवसायीले बाँके राष्ट्रिय निकुञ्जमा भौतिक पूर्वाधार विकासमा लगानी गर्न आग्रह गरेका छन् ।

निकुञ्जमा आउने पर्यटकको बसाइ बढाउने उद्देश्यले आग्रह गरिएको होटल तथा रिसोर्टको सञ्चालकहरूले बताउनुभएको छ ।

नेपाल एसोसिएसन अफ टूर एन्ड ट्राभल्स एजेन्ट (नाट्टा) बाँके च्याप्टरको समन्वयमा भारतीय पर्यटकसहितको प्रतिष्ठित उद्योगीलगायतको नेपाली टोलीले निकुञ्जको अवलोकन भ्रमणपछि पर्यटन प्रवर्द्धनका सम्भावित लगानीका विषयमा छलफल गरिएको छ ।

नेपालगन्जका उद्योगी सञ्जय अग्रवालले बाँके राष्ट्रिय निकुञ्ज प्रचारप्रसार नभएका कारणले ओझेलमा परेको उल्लेख गर्दै आर्कषक होटल तथा रिसोर्टले यहाँको सौन्दर्य बढाउने बताउनुभयो ।

उहाँले भन्नुभयो, "पर्यटक यहाँ आएर भरपूर आनन्द लिन्छन् तर उनीहरूलाई खाना तथा बस्नका लागि पनि राम्रो प्रबन्ध हुन जरुरी छ ।"

उद्योगी अग्रवालले यहाँको मनमोहक हरियाली सुन्दर भएको औँल्याउँदै निकुञ्ज घुम्दै जाँदा देखिने चित्तल (चौका), हात्ती, मयुरलगायतका वन्यजन्तुले घुमफिरलाई रोमाञ्चक बनाउने उल्लेख गर्नुभयो ।

"सुन्दर जङ्गल, छ त्यहाँभित्र डाँडा देखिएको छ, नदी बगिरहेको छ, वन्यजन्तु दौडिरहेका छन् यस्तो सुन्दरता कहाँ पाउन सकिन्छ", उहाँले भन्नुभयो ।

अर्का उद्योगी चम्पालाल बोथ्राले निकुञ्जको प्रचारप्रसार हुन नसकेको उल्लेख गर्दै यसको प्रचारबाट पर्यटक भित्र्याउन सकिने बताउनुभयो ।

"प्रकृतिले सुन्दरतासँगै मनमोहक दृश्य पनि दिएको छ, यो अवलोकन गर्न यहाँ पर्यटक भित्र्याउनुपर्छ", उहाँले सुझाव दिनुभयो ।

होटल पौवा प्रालिका अध्यक्ष दुर्गाप्रसाद भण्डारीले पर्यापर्यटनको प्रचुर सम्भावना रहेको यस क्षेत्रमा होटल तथा पर्यटनमा दीर्घकालीन लगानी आवश्यक भएको धारणा व्यक्त गर्नुभयो ।

राप्तीसोनारी गाउँपालिकाका अध्यक्ष तप्त पौडेलले पर्यटन र उद्योगका लागि पालिकामा लगानी भित्र्याउँदै सहजीकरण गर्न आफूहरू तयार भएको बताउनुभयो । निकुञ्जकी नेचर गाइड उमा ओलीले चुरे भावर क्षेत्रसँगै यहाँ चौका, बाघलगायत वन्यजन्तुको अवलोकन गर्न बाँके राष्ट्रिय निकुञ्ज भ्रमण गर्न सुझाव दिँदै निकुञ्जसँगै राजमार्ग र विमानस्थलको पहुँच रहेको बताउनुभयो । "काठमाडौँबाट यहाँ आएर बाँके राष्ट्रिय निकुञ्जमा दिनभर सफारी गरेर बेलुका फर्किन सकिन्छ", उहाँले भन्नुभयो ।

नेपाल एसोसिएसन अफ टूर एन्ड ट्राभल्स एजेन्ट (नाट्टा) बाँके च्याप्टरका संस्थापक अध्यक्ष श्रीराम सिग्देलले निकुञ्ज करिब २० किलोमिटर नेपाल-भारत सीमा नजिक रहेकाले भारतीय पर्यटकलाई भित्र्याउने वातावरण निर्माण भए त्यसले अर्थतन्त्रमा योगदान पुर्‍याउने बताउनुभयो ।

उहाँले निकुञ्ज आसपासमा ग्रामीण पर्यटनलाई महत्त्व दिएर लोक संस्कृतिको जर्गेना गर्न सकिने उल्लेख गर्नुभयो । निकुञ्जमा निर्माण भएका घरबासमा अहिले पनि थारू समुदायका परिकारका रूपमा रहेको अनदी चामलको ढिक्री, आलुको अचार डोक्नीको चटनीलगायतका परिकार खान पाइन्छ । *(रासस)*

# दलित समुदायको इतिहास झल्काउने 'लुहारेकोट'

मान्म (कालीकोट), २ असार । दलित समुदायको इतिहास झल्काउने लुहारेकोट विकसित हुँदै गएको छ । स्थानीय सरकारले लुहारेकोटलाई धार्मिक, ऐतिहासिक र पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने योजना अघि बढाएसँगै लुहारेकोटको महत्त्व बढ्दै गएको हो ।

कालीकोटको खाडाँचक्र नगरपालिका-१ को मान्म सदरमुकाम बजारमा अवस्थित छ, लुहारेकोट । लुहारेकोट क्षेत्रलाई ऐतिहासिक दलित समुदायको वीरता र साहसको प्रतीकका रूपमा लिने गरिएको छ ।

सदरमुकामको सिरानीमा निर्माण गरिएको प्रतिमासहितको संरचनाले स्थानीय इतिहास र संस्कृतिको संरक्षणमा समेत महत्त्वपूर्ण भूमिका खेलेको सामाजिक अभियन्ता बाले विश्वकर्माले बताउनुभयो । "लुहार समुदायका अनुसार यसस्थलको वास्तविक नाम 'लुहारेकोट' हो । यसको ऐतिहासिक पहिचानलाई सम्मानपूर्वक संरक्षण गरिनुपर्छ", उहाँले भन्नुभयो ।

स्थानीयको मौखिक इतिहास, वंशावली र जनविश्वासका आधारमा लुहारेकोटले खाँडाचक्र क्षेत्रको इतिहासमा महत्त्वपूर्ण स्थान ओगटेको ठाउँ भएको खाँडाचक्र नगरपालिका-२ स्थित पञ्चदेव माध्यमिक विद्यालयका शिक्षक लक्षिराम विश्वकर्माले बताउनुभयो ।

"यस स्थलको संरक्षण, अध्ययन, अनुसन्धान तथा प्रचारप्रसार गर्नु भावी पुस्ताका लागि आवश्यक देखिन्छ", उहाँले भन्नुभयो । "स्थानीय जनश्रुति, मौखिक इतिहास तथा लुहार समुदायमा पुस्तौँदेखि हस्तान्तरण हुँदै आएको वंशावलीका आधारमा लुहारेकोट केवल एउटा भौगोलिक स्थानमात्र नभई लुहार समुदायको राजनीतिक, सामाजिक र सांस्कृतिक केन्द्रका रूपमा परिचित रहेको छ ।'

यस स्थानको इतिहास लुहार समुदायका प्रथम पुर्खा मानिने शान्ति लुवारसँग जोडिएको र स्थानीय विश्वासअनुसार शान्ति लुवार नै लुहारेकोटका संस्थापक तथा यस क्षेत्रका प्रारम्भिक शासक भएको लक्षिरामले जानकारी दिनुभयो ।

"त्यस समयमा लुहारेकोटको तल हालको मान्म बजार क्षेत्रमा लुहार समुदायको ठुलो बस्ती रहेको थियो । वर्तमान प्रतिमा चोकबाट पूर्वतर्फ लुहारेकोटसम्मको सम्पूर्ण भूभाग लुहार समुदायको अधिनमा रहेको जनविश्वास छ", उहाँले भन्नुभयो ।

हाल जिल्ला अदालत तथा जिल्ला समन्वय समितिको कार्यालय रहेको क्षेत्र वरिपरि लुहारहरूको पुरानो बस्ती रहेको मानिन्छ । उक्त बस्तीभन्दा माथि रहेको विशाल तथा अग्लो ढुङ्गालाई नै 'लुहारेकोट' भनिएको हो ।

स्थानीयको भनाइअनुसार यही ढुङ्गामा बसेर राज्य सञ्चालन, न्यायिक फैसला, प्रशासनिक बैठक तथा जनसरोकारका विषयमा छलफल हुने गर्दथ्यो । यसैकारण उक्त स्थानलाई तत्कालीन शासन केन्द्रका रूपमा लिइन्छ । हाल कालीकोटको खाडाँचक्र नगरपालिकाले लुहारेकोटको इतिहासको झल्को दिनेगरी वीरताको प्रतीकसहित प्रतिमाको निर्माण गरेको नगरउपप्रमुख गणेशबहादुर शाहीले बताउनुभयो । *(रासस)*

## मप विश्वविद्यालयको दीक्षान्तमा एक हजार ९२८ जना विद्यार्थी दीक्षित हुँदै

सुर्खेत, २ असार । मध्यपश्चिम विश्वविद्यालयले सिनेट, दीक्षान्त र वार्षिकोत्सव बुधबार आयोजना गर्ने भएको छ । विश्वविद्यालयले १८ औँ सिनेट, चौथो दीक्षान्त र १६औँ वार्षिकोत्सव समारोह यही असार ३ गते एकै दिन गर्ने भएको हो ।

चौथो दीक्षान्त समारोह तथा विश्वविद्यालयसभा-२०८३ को सञ्चार तथा प्रचारप्रसार उपसमितिका संयोजक डा. विष्णुकुमार खड्काले दीक्षान्त समारोहमा ग्रेस लिष्टमा रहेका एक हजार ९२८ जना विद्यार्थी दीक्षित हुन लागेको राससलाई जानकारी दिनुभयो । उहाँका अनुसार कूल विद्यार्थीमध्ये ४५५ विद्यार्थीहरूले दीक्षान्त समारोहमा सहभागिता जनाउन आवेदन दिएका छन् ।

विश्वविद्यालय सात ग्राजुएट स्कुलअन्तर्गत शैक्षिकोपाधि हासिल गरेका स्नातक तहका एक हजार २२२, स्नातकोत्तर तहका ६९४ र दर्शनाचार्य तहका १२ जना विद्यार्थीलाई दीक्षित गर्नेगरी तय भएको उहाँले बताउनुभयो । संयोजक डा. खड्काका अनुसार हालसम्म विश्वविद्यालयबाट यस छ हजार ३७० विद्यार्थी दीक्षित भइसकेका छन् । समारोहको अध्यक्षता विश्वविद्यालयका सहकुलपति एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेल र त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति शिक्षाविद् केदारभक्त माथेमाको प्रमुख आतिथ्यतामा रहने संयोजक डा. खड्काले जानकारी दिनुभयो । मप विश्वविद्यालयका उपकुलपति डा. नारायणप्रसाद पौडेलले सभामा आम्दानीको खर्च, आगामी आव २०८३/०८४ को प्रस्तावित रु. एक अर्ब ४९ करोड बजेट स्वीकृत र ग्रेस लिष्टमा रहेका विद्यार्थीलाई दीक्षित गर्ने प्रस्ताव रहेको बताउनुभयो । *(रासस)*

। सम्पादकीय ।

# बुद्धिजीवीहरूको दृष्टिकोण फराकिलो हुनुपर्छ

सरकारको नीति तथा कार्यक्रम र बजेटबारे संसद्मा प्रतिनिधित्व गर्ने दलका नेता, सांसदहरूले संसद्भित्र मात्र होइन संसद्बाहिर रहेका लेखक, बुद्धिजीवी र राजनीतिक विश्लेषकहरूको दृष्टिकोण पनि सार्वजनिक हुनुपर्छ । सरकारले तय गरेका नीति तथा कार्यक्रम र सोअनुसार तय भएको बजेटबारे विशेषत: बुद्धिजीवीहरूको विश्लेषण के हो ? स्पष्ट हुनुपर्छ । नीति तथा कार्यक्रम कति सही या गलत छ ? त्यसबारे उनीहरूको धारणा आउनुपर्छ । सरकार या सत्तारुढ दललाई देश र जनताप्रति जिम्मेवार बनाउन र देश र जनताको सेवामा समर्पित बनाउन बुद्धिजीवीहरू क्रियाशील हुनुपर्छ । देश र जनताबारे बुद्धिजीवीहरू बेखबर हुनुहुँदैन । सरकारले जस्तो गलत निर्णय र कार्य गरे पनि उनीहरू चुइँक्क बोल्दैनन् भने बुद्धिजीवी हुनु र नहुनुको के अन्तर रह्यो !

सरकारले देश र जनतालाई दूरगामी असर पार्ने काम गर्छ; अभिव्यक्ति दिन्छ भने त्यसको समयमै खबरदारी गर्नुपर्छ । खबरदारी गर्ने काम राजनीतिक दलको मात्र होइन; बुद्धिजीवीहरूको पनि हो । नेपालले पनि भारतको भूमि मिचेको रहेछ भन्ने प्रधानमन्त्री बालेन साहको भनाइले सरकार भारतको पक्षमा रहेको थाहा हुन्छ । कालापानीबाट भारतीय सेना फर्काउने, लिपुलेक, लिम्पियाधुरा नेपालको कायम गर्ने विषयमा बुद्धिजीवीहरूले दबाब दिनुपर्छ । बुद्धिजीवीहरूले जसको नेतृत्वमा सरकार आए पनि आँखा चिम्लेर समर्थन गर्ने होइन; सरकारसामु झुक्ने होइन; अवसरवादी भएर आफ्नो स्वार्थ पूरा गर्न लाग्ने होइन ।

सरकारले जस्तो गल्ती गरे पनि समर्थन गर्ने प्रवृत्ति गलत हो; यसले गलत सन्देश प्रवाह गर्छ । सरकारले गलत निर्णय गर्छ; झूट, अन्याय र पदको दुरूपयोग गरी अकुत सम्पत्ति कमाउने या शक्तिको दुरूपयोग कसैले गर्छ भने बुद्धिजीवीहरू जागरुक हुनुपर्छ । देशको मुहार फेर्न, भ्रष्टाचार र अनियमितता रोक्न बुद्धिजीवीहरू जाग्नुपर्छ; सरकारको खबरदारी गर्न तम्सिनुपर्छ । उनीहरू जहिल्यै सार्वजनिक हिततर्फ अग्रसर हुनुपर्छ । कुनै सरकार या दलको अन्ध समर्थन नगरी गुण दोष या सही र गलतको आधारमा आफ्नो धारणा स्पष्ट पार्नुपर्छ या राम्रो नराम्रो पक्षबारे मूल्याङ्कन गर्नुपर्छ । बुद्धिजीवीहरूले सरकारलाई खबरदारी र जनतालाई सुसूचित गर्नुपर्छ । लेखक, कलाकार र बुद्धिजीवीहरू कुनै सरकार या दलको प्रचारका साधन बन्नु हुँदैन । देश जोगाउन र बनाउन उनीहरू अगाडि उभिनुपर्छ ।

बुद्धिजीवीहरूले देशको सिमानाबारे बोल्नुपर्छ । उनीहरू विदेशी शक्तिराष्ट्र र सरकारको गुणगान गर्ने प्रवक्ता बन्नु हुँदैन । कुनै सरकार या दलको अन्ध समर्थन गर्ने बुद्धिजीवीहरूले सच्चा मार्गनिर्देश गर्ने काम गर्दैनन् । बुद्धिजीवीहरू देशका जिम्मेवार पक्ष र देशभक्त हुन् भने देशको राजस्व या राज्यस्रोतलाई दलले बाँडेर लिने नीतिको विरोध गर्नुपर्छ । 'राष्ट्रिय' दल या ठुला दलको नाउँमा प्राप्त मतको आधारमा राज्यको पैसा असुल्ने कुनै पनि दल र सरकारी नीतिको उनीहरूले समर्थन गर्नु हुँदैन । बुद्धिजीवीहरू आलोचक बन्नुपर्छ; देश बनाउनको निम्ति आवश्यक सल्लाह सुझाव दिनुपर्छ । बुद्धिजीवीहरूमा आँट र साहस हुनुपर्छ । उनीहरू जो सरकार आए पनि अन्ध समर्थन गर्ने पिछलग्गू बन्नु हुँदैन । कसैको पछि पछि लाग्ने या बुद्धि र विचार फेर्दै हिँड्ने अवसरवादी बुद्धिजीवीहरू कहिले पनि सच्चा हुँदैनन् । उनीहरूको दृष्टिकोण सङ्कीर्ण होइन फराकिलो हुनुपर्छ । कुनै पक्षको पक्षपोषण गर्नुभन्दा पनि देशप्रति जिम्मेवार बन्नुपर्छ ।

रास्वपाकै एक पूर्वजिम्मेवार नेताले नेपाललाई भारतमा मिलाउन रास्वपाकै एक नेताले अभिव्यक्त दिएको कुरा सञ्चारमाध्यममा बरोबर फुकिरहेको छ । परराष्ट्रमन्त्री शिशिर खनालले केही हप्तापहिले नेपालले पनि भारतको भूमि मिचेको अभिव्यक्ति दिएको स्वर सेलाउन नपाउँदै प्रधानमन्त्री बालेन साहले पनि प्रश्न उत्तरको क्रममा त्यही अभिव्यक्ति दोहोऱ्याएको घटनाले रास्वपाको विचार या दृष्टिकोण नेपाल र नेपालीप्रति होइन भारततर्फ ढल्केको स्पष्ट हुन्छ । अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा आबद्ध युवाहरू मन्त्री हुनु, सामाजिक सञ्जालमाथि प्रतिबन्ध हटाउने आन्दोलनको नाउँमा सर्वोच्च अदालत, संसद् भवन, सिंहदरबार तथा नेताहरूको घर सम्पत्तिमा आगजनी गर्ने काम राम्रो सङ्केत अवश्य होइन । यी घटनाक्रमले देशको नेतृत्व गर्न पुगेका नेता र सांसदहरू कहाँबाट सञ्चालित छन् भन्ने कुरा बुझ्न गाऱ्हो छैन । यसबारे बुद्धिजीवीहरू किन मौन ! के बुद्धिजीवीहरूको काम आफ्नो बुद्धि लगाएर आफ्नो जीवन मात्र निर्वाह गर्ने हो ? देशबारे बोल्नुपर्दैन ? देश रहेन भने सबै नेपाली रहने छैनन् । नेपाली नै रहेनन् भने देश पनि रहने छैन । त्यसबेला बुद्धिजीवीहरू पनि दासी भएर जीवन बिताउन बाध्य हुनेछन् । अत: देश र जनताको पक्षमा देशका बुद्धिजीवीहरूले मुख खोल्नुपर्छ; तमासे भएर बस्ने होइन । यसले देश बन्छ; जनताको जीवन बन्छ ।

# अमेरिकी सिमाना सिधै विश्वकप हुँदै छिरेको छ !

**- बेलेन फरनान्देज, अल् जजीरा स्तम्भकार**

*(२०२६ विश्व कपले महादेशीय-एकता वाचा गऱ्यो तर यसले अमेरिकी गढ (Fortress America) को हिंसा र पाखण्डलाई नाङ्गेझार गरेको छ ।)*

११ जूनदेखि, फिफा विश्व कप २०२६ मेक्सिकोमा सुरु भयो । मेक्सिको, संयुक्त राज्य अमेरिका र क्यानडासँग मिलेर महादेशीय एकताको देखावटी प्रदर्शनमा यस वर्षको प्रतियोगिताको सह-आयोजना गर्दै छन् ।

पहिलो कुरा, तीन देश मिली संयुक्त रूपमा आयोजना गर्ने अवधारणा नै असङ्गत थियो, किनकि आयोजकमध्ये एक, अमेरिकाले अरूसँग मिलेर काम गर्ने क्षमता राख्दैन । सुरुवातको लागि अमेरिकाले धेरै राष्ट्रका नागरिकहरूका लागि अत्यधिक कठोर भिसा नीतिहरू र 'यात्रा प्रतिबन्ध' को प्रणाली कायम राख्छ । यसले गर्दा पहिले नै सामाजिक-आर्थिक रूपमा विशेष विश्व कपलाई अझ बढी विशिष्ट बनाउँछ र विश्व कपले प्रतिकात्मक रूपमा अभिव्यक्त गर्नुपर्ने अन्तर्राष्ट्रिय मैत्रीभावको भ्रमलाई चकनाचुर पार्छ ।

अमेरिकाले सह-आयोजक मेक्सिकोसँग अत्यन्तै सैन्यीकृत सीमा कायम गर्दछ, जुन देशलाई अमेरिकी प्रधानसेनापति डोनाल्ड ट्रम्पले बारम्बार बमबारी र आक्रमण गर्ने धम्की दिएका थिए । अर्को गैर-खेलप्रेमीजस्तो व्यवहारमा, ट्रम्पले मेक्सिकनहरूलाई अपराधी, लागूपदार्थ व्यापारी र बलात्कारी भन्ने गरेका छन् । २०१९ मा, 'द न्यु योर्क टाइम्स' ले ट्रम्पले दिएको सुझाव रिपोर्ट गर्दै लेख्यो अमेरिकी सैनिकहरूले आप्रवासीहरूलाई गोली हान्न र सीमामा गोहीले भरिएको खाडल स्थापना गर्न आवश्यक छ ।

गत वर्ष पुन: पदभार सम्हालेपछि, ट्रम्पले शरण खोज्ने र आर्थिक शरणार्थीहरूका लागि अमेरिकी सीमा बन्द गर्न लगाए । कस्तो आकर्षक चाल, किनकि अमेरिका नै मानिसहरूलाई बसाइँ सर्न बाध्य पार्ने धेरैजसो विश्वव्यापी उथलपुथलको लागि जिम्मेवार छ ।

हिंसाग्रस्त मेक्सिकन राज्य मिचोआकानका मैले चिनेका एक युवकले हालै एक मानव तस्करलाई १० हजार डलर तिर्न बाध्य भए । आफूलाई अमेरिकी सीमा बारमाथि डोरीको सहायताले उचाली तारी दिनका लागि उनले यस्तो निर्णय लिए, किनकि उसले जब घरमा, जीवन आर्थिक र शारीरिक रूपमा धान्न सम्भव देख्न छाडे ।

अर्को शब्दमा भन्नुपर्दा, विश्वका केही बासिन्दाहरूले विश्व कप टिकटमा १० हजार डलर वा सोभन्दा बढी रकम खर्चिरहेका बेला, यो युवकले भने मेक्सिकोमा अमेरिकाद्वारा भड्काइएको गरिबी र रक्तपातको परिदृश्यबाट भाग्न, एक अवसरका लागि त्यही रकम जसोतसो जुटाउनुपऱ्यो ।

आफ्नो लागि, मेक्सिकोले अत्यन्तै महँगो प्रतियोगिता सह-आयोजना गर्ने निर्णय - यति विशाल आर्थिक स्रोतहरू समर्पित गर्नुको सट्टा, भनौं, देशका १ लाख ३४ हजारभन्दा बढी बेपत्ता पारिएका व्यक्तिहरूको खोजीमा लगाउन सक्थ्यो – धेरै मेक्सिकालीहरूले यसलाई गालामा निर्मम थप्पडको रूपमा लिएका छन् । ती अधिकांश बेपत्ताका घटनाहरू २००६ मा अमेरिकाद्वारा समर्थित तथाकथित 'लागूपदार्थविरुद्धको युद्ध' (War on drugs) को सुरुवात पछि भएका थिए, जुन व्यवहारमा गरिबहरूमाथि थोपारेको युद्धजस्तै हुन गयो ।

मानव अधिकार उल्लङ्घन र अन्य दमनका लागि कुख्यात मेक्सिकाली सुरक्षा बलहरूको विश्व कप स्थलहरू वरिपरि व्यापक तैनाथीले पनि धेरै मानिसहरूलाई गलत तरिकाले असर गरेको छ ।

यसैबिच, फिफाको भ्रष्टाचार, लोभ, पाखण्ड र अन्य विभिन्न दुर्गुणहरूले भरिएको लामो इतिहासलाई सङ्गठनका अध्यक्ष जियानि इन्फान्टिनोले निष्पक्षतापूर्वक कायम राखेका छन् । उनले गत डिसेम्बरमा ट्रम्पलाई पहिलोपटक 'फिफा शान्ति पुरस्कार - फूटबलले विश्वलाई एकजुट गर्छ' प्रदान गरेका थिए ।

२०२५ को नोबेल शान्ति पुरस्कार ट्रम्पलाई दिन अस्वीकार गरिएको रिसबाट बाहिर निकाल्नको लागि इन्फान्टिनोले निर्लज्ज रूपमा चाप्लुसीको काम गर्दै यो पुरस्कार स्वत:स्फूर्त आविष्कार गरेको देखिन्छ । अनि गाजापट्टीमा इजरायलको नरसंहारको नम्बर एक समर्थकलाई भन्दा अरू कसलाई फिफा शान्ति पुरस्कारको लायक देखिन्छ ?

अक्टोबर २०२३ देखि इजरायलले आधिकारिक रूपमा गाजामा लगभग ७३ हजार प्यालेस्टिनीहरूलाई हत्या गरेको छ, जसमा कम्तीमा ४२१ फूटबल खेलाडीहरू पनि समावेश छन् । इन्फान्टिनोको जुत्ता-चाट्ने स्टन्ट पछिका महिनाहरूमा, फिफा शान्ति पुरस्कारको विजेता ट्रम्पले 'विश्वलाई एकजुट गर्दै' निम्नानुसार काम गरे; भेनेजुयलाका राष्ट्रपतिलाई अपहरण गरे, इजरायलसँग मिलेर इरानविरुद्ध एक विनाशकारी युद्ध सुरु गरे र दक्षिण लेबनानमा इजरायलको पुन: धुलोपिठो बनाउने कारबाही र कब्जालाई आर्थिक सहयोग गरे ।



**जोन एफ् केनेडी सेन्टर फर द पर्फर्मिङ आर्ट्र्समा फिफा विश्वकप २०२६ को अन्तिम ड्रको क्रममा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले फिफा अध्यक्ष जियानी इन्फान्टिनोबाट फिफा शान्ति पुरस्कार ग्रहण गर्दै । – (रोयटर्स)**

अनि विश्व कपको सह-आयोजक क्यानाडाले आफूलाई संयुक्त राज्य अमेरिकाको निर्दोष उत्तरी छिमेकीको रूपमा चित्रण गर्न मन पराउँछ । तर, नरसंहार र इजरायललाई हतियार हस्तान्तरणमा क्यानाडाको आफ्नै संलग्नताको अर्थ यसले नैतिक रातो कार्ड पाउनमा आफ्नो उचित हिस्सा कमाएको छ ।

यद्यपि, यस वर्षको विश्व कप सकेसम्म विभाजनकारी र आनन्दरहित बनाउने अमेरिका मुख्य शक्ति हो । प्रतियोगिता सुरु हुनुभन्दा केही दिनअघि, इरानी फूटबल महासङ्घले अमेरिकामा हुने इरानको तीन खेलको टिकट निर्धारण रद्द गरिएको घोषणा गऱ्यो । फूटबल महासङ्घका १५ जना कर्मचारीलाई पनि भिसा अस्वीकार गरियो ।

अनि त्यहा शीर्ष सोमाली रेफ्री ओमर आर्टनको मामला छ, जसको विश्व कपमा काम गर्ने तालिका थियो तर गत हप्ता अमेरिकामा प्रवेश गराउन अस्वीकार गरिएको थियो । अनि हाइटीका नागरिकहरूलाई पनि प्रवेश गर्न स्पष्ट रूपमा प्रतिबन्ध लगाइएको हुनाले, हाइटीका विश्व कपका प्रशंसकहरूले आफ्नो टोलीलाई समर्थन गर्न यात्रा गर्न नसोचे पनि भएको छ ।

अवश्य पनि, सोमालिया र हाइटी दुवैले दशकौँदेखि अमेरिकी सेनाद्वारा सीमापार विनाशकारी आक्रमणको अनुभव गरेका छन्, तर दैव जानून् यी देशका नागरिकहरूलाई फूटबल खेल हेर्न अमेरिकी सीमा पार गर्न दिनेछन् ।

ट्रम्पले चलाएको व्यापक आम कारागार-चलान (Mass Detentions) र निर्वासन(Deportations) ले 'एकता' को उत्तम विचारमा पनि खतरामा पारेको छ । जबकि, अकल्पनीय रूपमा भयङ्कर टिकट मूल्यले पुँजीवादको अहिलेसम्मको सबैभन्दा ठुलो विश्व कप कु के हुन सक्छ भनेर सङ्केत गर्दछ : मानिसहरू समान रूपमा सृष्टि गरिएका छैनन् भन्ने सम्झना गराएको छ ।

असामाजिक केकमा आइसिङ थप्दै, इरानी विश्व कप टोलीलाई मेक्सिकन सीमावर्ती सहर तिह्वानामा बसोबास गर्न बाध्य पारिएको छ । प्रत्येक खेल पूरा गर्न पर्याप्त समय मात्र अमेरिका प्रवेश गर्न अनुमति दिइएको छ, त्यसपछि इरानी टीमले फेरि एकपटक अमेरिकी माटोबाट आफूलाई हटाउनु पर्नेछ । केही हदसम्म, यसले पहिलो ट्रम्प प्रशासनअन्तर्गत लागू गरिएको 'मेक्सिकोमा रहनुहोस्' नीतिलाई सम्झाउँछ, जसले मेक्सिकोलाई अवाञ्छित आगन्तुकहरूको लागि डम्पिङ ग्राउन्डको रूपमा प्रयोग गरेको छ ।

पछिल्लोपटक जब मैले तिह्वानाबाट अमेरिकी सीमा पार गरे, त्यो मेरो लागि पर्याप्त अपमानजनक अनुभव थियो, एक अमेरिकी नागरिकको रूपमा पनि । मैले एउटा सुन्तला बोकेर लापरवाहीपूर्वक नाका पार गर्ने प्रयास गरेको थिएँ, जसलाई अमेरिकी सीमा अधिकारीहरूले आणविक हतियार रूपमा व्यवहार गरे । *(त्यसैले, म इरानी टोलीलाई घरमै कुनै पनि फलफूल छोड्न सल्लाह दिन्छु ।)*

नि:सन्देह, नरसंहार हुनुभन्दा अघिको समयमा विश्व कप र सुन्दर खेलमा आफूलाई गुमाउनु सजिलो थियो - अनन्त: फिफा भ्रष्टाचार, आत्मा-चुस्ने कर्पोरेट लोभ र कालो बिचौलिया ठेक्कापट्टा एकछिनका लागि छेउमा राखेर ।

यसपालि, साम्राज्यवादी अहङ्कार र मध्यपूर्वमा अमेरिकाद्वारा सञ्चालित प्रलयको पृष्ठभूमिले फूटबल खेलले प्राय: प्रेरित गर्ने उत्साह र जादूको पुरानो भावनाको लागि धेरै ठाउँ छोड्दैन ।

त्यसो भन्दैमा, म झूट बोल्न चाहन्न : मैले यहाँ दक्षिण इटालीबाट टेलिभिजनमा मेक्सिको र दक्षिण अफ्रिकाबिचको उद्घाटन खेल हेरेँ र म यसको बारेमा अलिकति उत्साहित पनि भएँ । मैले मेरो मेक्सिकन फूटबल जर्सी लगाएँ, अनि इटालियन च्यानल Rai 1 मा टीभी ट्युन गर्दै मेरो कोठाको भुइँमा एक्लै बसेर हेरेँ ।

सामान्य तरिकाले, Rai 1 च्यानेलका मानिसहरूले निर्णय गरेका थिए कि सबैभन्दा उपयुक्त पूर्व-खेल सामग्रीका रूपमा क्यालिफोर्नियाका केही पूर्व-इरानीहरूको भ्रमण समावेश गरे, जसले आफूलाई फारसी ठाने र इरानी टोलीको सट्टा अमेरिकी फूटबल टोलीप्रति वफादारीको वाचा गरेका थिए । मैले भोल्युम कम गरेँ ।

अन्तमा, विश्व कप सधैँ राजनीतिक रहँदै आएको छ । तर, यस वर्ष अमेरिकी सीमा सिधैँ प्रतियोगिता हुँदै छिरेको छ - यसमा धेरै सुन्दर भनेको केही छैन ।

***- 'अलजजिरा' बाट***

# सर्वहारा क्रान्ति र क्रान्तिकारी नैतिकता आत्म–रुपान्तरणको मार्क्सवादी सिद्धान्त – २

✍ हो चि मिन्ह

हामीले यो बुझ्नुपर्छ कि अहिलेसम्म हामीले प्राप्त गरेका सफलताहरू हजार माइलको यात्राका प्रारम्भिक पाइलाहरू मात्र हुन् । हामी अझ अगाडि बढ्नुपर्छ, क्रान्तिले अझ बढी प्रगति गर्नुपर्छ । अन्यथा, हामी पछाडि हट्नेछौं र हामीले हासिल गरेका सफलताहरूलाई संस्थागत र विकसित गर्न सकिने छैन ।

समाजवादतर्फ अघि बढ्नका लागि हामीले लामो र कडा सङ्घर्ष गर्नुपर्छ । हामीसँग क्रान्तिकारीहरू हुनैपर्छ किनभने क्रान्तिको विरोध गर्ने शत्रुहरू अझै अस्तित्वमा छन् ।

शत्रुहरू तीन प्रकारका हुन्छन् :

पुँजीवाद र साम्राज्यवाद निकै खतरनाक शत्रु हुन् । पिछडिएका बानीबेहोरा र परम्पराहरू पनि ठूला शत्रु हुन् : तिनीहरूले चलाखीपूर्वक क्रान्तिको प्रगतिमा बाधा पुर्‍याउँछन् । यद्यपि, हामी तिनीहरूलाई दमन गर्न सक्दैनौं, बल्कि सावधानी, दृढता र लामो समय लगाएर तिनीहरूलाई सुधार्ने प्रयास गर्नुपर्छ ।

तेस्रो शत्रु व्यक्तिवाद हो, अर्थात् निम्न-पुँजीवादी मानसिकता जुन अझै हामी प्रत्येकभित्र लुकिएर रहेको छ । यसले आफ्नो टाउको उठाउनका लागि अवसर - चाहे असफलता होस् वा सफलता - पर्खेर बसिरहेको हुन्छ । यो माथि उल्लेखित दुई श्रेणीका शत्रुहरूको सहयोगी हो ।

त्यसकारण, क्रान्तिकारी नैतिकता भनेको जुनसुकै परिस्थितिमा पनि सबै शत्रुहरूका विरुद्ध दृढतापूर्वक सङ्घर्ष गर्नु, आफ्नो सतर्कता कायम राख्नु, लड्नका लागि तयार रहनु र आत्मसमर्पण गर्न वा टाउको झुकाउन अस्वीकार गर्नु हो । यसो गरेर मात्र हामी शत्रुलाई परास्त गर्न र आफ्नो क्रान्तिकारी कार्य पूरा गर्न सक्छौं ।

आफ्नो सही नीति र एकीकृत नेतृत्वका कारण नै हाम्रो पार्टीले मजदुरवर्ग र सम्पूर्ण जनतालाई समाजवादतर्फ डोर्‍याउन सक्षम भएको हो । यो एकीकृत नेतृत्व यसका सबै सदस्यहरूको विचार र कार्यको एकताबाट उत्पन्न हुन्छ ।

यस एकताबिना हामी "त्यस्तो अर्केस्ट्रा (वाद्यवादन समूह) जस्तै हुनेछौं जसमा ड्रम एकातिर बज्छ र बिगुल अर्कोतिर ।" हाम्रा लागि जनसमुदायको नेतृत्व गर्न र क्रान्ति सम्पन्न गर्न सम्भव हुनेछैन ।

पार्टी सदस्यहरूको भनाइ र गराइले क्रान्तिमा ठूलो महत्त्व राख्छ किनभने यसले जनसमुदायमा ठूलो प्रभाव पार्छ । उदाहरणका लागि : हाम्रो पार्टी र सरकारको वर्तमान नीति कृषि सहकारी सञ्चालन गर्नका लागि व्यापक र घनिष्ठ रूपमा श्रम-आदानप्रदान टोलीहरू र सहकारीहरू सङ्गठित गर्नु हो । तर, केही पार्टी र श्रमजीवी युवा सङ्घका सदस्यहरू त्यसमा सामेल हुँदैनन् वा सामेल भए पनि तिनीहरूको निर्माण र सुदृढीकरणमा सक्रिय रूपमा योगदान दिँदैनन् । यो व्यक्तिवाद नै हो जसले ती कमरेडहरूलाई आफ्नो मनमर्जी गर्न र पार्टीको सङ्गठन तथा अनुशासनको विपरीत जान प्रेरित गरेको छ । जानीजानी होस् वा नजानी, तिनीहरूका कार्यहरूले पार्टीको प्रतिष्ठामा आँच पुर्‍याउँछन्, यसको काममा बाधा हाल्छन् र क्रान्तिको यात्रालाई अवरुद्ध गर्छन् ।

पार्टीका सबै नीति र क्रान्तिहरूको उद्देश्य जनताको हितको सेवा गर्नु हो । त्यसकारण, एक पार्टी सदस्यका लागि क्रान्तिकारी नैतिकता भनेको जस्तोसुकै कठिनाइ भए तापनि तिनीहरूलाई दृढतापूर्वक लागू गर्नु र जनसमुदायका लागि एउटा उदाहरण प्रस्तुत गर्नु हो । प्रत्येक पार्टी सदस्यले जनता र पार्टीप्रतिको आफ्नो जिम्मेवारीको भावनालाई उच्च बनाउनुपर्छ । उसले व्यक्तिवादबाट जोगिनुपर्छ र त्यसको दृढतापूर्वक विरोध गर्नुपर्छ ।

हाम्रो पार्टीले मजदुरवर्ग र सम्पूर्ण श्रमजीवी जनताको साझा हितको प्रतिनिधित्व गर्दछ, कुनै समूह वा व्यक्तिको निजी स्वार्थको होइन । यो कुरा सबैलाई थाहा छ ।

मजदुरवर्गले आफूलाई मुक्त गर्न मात्र होइन, बरु सम्पूर्ण मानव जातिलाई दमन र शोषणबाट मुक्त गर्न सङ्घर्ष गर्दछ । त्यसकारण, उनीहरूको हित र जनताको हित एकै हो ।

पार्टी सदस्यले पार्टीको नाममा मजदुरवर्ग र श्रमजीवी जनताको हितको प्रतिनिधित्व गर्दछ । त्यसैले, उसको आफ्नो हित पार्टी र वर्गको हितभित्रै हुन्छ, त्यसभन्दा बाहिर हुँदैन । पार्टी र वर्गको सफलता र विजय नै त्यस योद्धाको सफलता र विजय हो । पार्टी र वर्गबाट अलग भएर कुनै पनि व्यक्तिले ऊ जतिसुकै प्रतिभाशाली भए तापनि केही पनि हासिल गर्न सक्दैन ।

एक पार्टी सदस्यका लागि क्रान्तिकारी नैतिकता भनेको जुनसुकै परिस्थितिमा पनि पार्टीको हितलाई अन्य सबै कुराभन्दा माथि राख्नु हो । यदि पार्टीको हित र व्यक्तिको हितबिच अन्तर्विरोध पैदा भयो भने व्यक्तिले पूर्ण रूपमा पार्टीको हितका लागि बाटो छोडिदिनुपर्छ (आफ्नो हित त्याग्नुपर्छ) ।

आफूलाई व्यक्तिवादबाट मुक्त गर्न नसकेका कारण केही पार्टी सदस्यहरू अझै 'पार्टीका लागि आफ्ना सेवाहरू' को घमण्ड गर्छन्, जसका लागि उनीहरू पार्टीले 'कृतज्ञता' प्रकट गरोस् भन्ने दाबी गर्छन् । उनीहरू सुखसुविधा, सम्मान, पद र विशेषाधिकार उपभोग गर्न चाहन्छन् । यदि उनीहरूका इच्छाहरू पूरा भएनन् भने, उनीहरू आफ्नो 'कुनै भविष्य नभएको' र आफू 'बलिदान भएको' गुनासो गर्दै पार्टीप्रति असन्तोष व्यक्त गर्छन् । उनीहरू बिस्तारै पार्टीबाट टाढिँदै जान्छन् र अझ खराब कुरा त, उनीहरू यसका नीति तथा अनुशासनलाई नै भत्काउन लाग्छन् ।

भूमिगत सङ्घर्ष र प्रतिरोधको युद्धको अवधिमा धेरै कार्यकर्ता र योद्धाहरूले वीरतापूर्वक आफ्नो ज्यान उत्सर्ग गरे; धेरै श्रम नायक र विशिष्ट मजदुरहरूले उत्पादन बढाउन आफ्नो अधिकतम प्रयास गरेका छन् । ती कमरेडहरूले कहिल्यै पद र सम्मान मागेका छैनन्, पार्टीबाट कहिल्यै धन्यवादको माग गरेका छैनन् ।

हाम्रो पार्टी जन-आधारित प्रकृतिको छ र यसका लाखौं सदस्यहरू छन् । हाम्रो देशको परिस्थितिका कारण पार्टी सदस्यहरूको ठूलो हिस्सा निम्न-पुँजीपति वर्गबाट आउँछ । यसमा अचम्म मान्नुपर्ने केही छैन । सुरु-सुरुमा, पुँजीवादी विचारधाराको प्रभावका कारण केही पार्टी सदस्यहरूको दृष्टिकोणमा दृढताको कमी हुन सक्छ, उनीहरूको बुझाइ अस्पष्ट हुन सक्छ र उनीहरूको सोच पूर्ण रूपमा सही नहुन सक्छ । तर, क्रान्ति र प्रतिरोधको युद्धमा खारिएका हुनाले हाम्रा पार्टी सदस्यहरू समग्रमा पार्टी र क्रान्तिप्रति बफादार राम्रा योद्धाहरू हुन् ।

ती कमरेडहरूलाई थाहा छ कि गल्ती गर्ने पार्टी सदस्यहरूले जनसमुदायलाई पनि गल्तीको बाटोतर्फ लैजानेछन्; त्यसकारण, उनीहरू आफूबाट हुन सक्ने कुनै पनि गल्तीलाई समयमै सुधार्न सधैं तयार रहन्छन् र साना गल्तीहरू जम्मा भएर ठूलो रूप लिन दिँदैनन् । उनीहरू साँचो मनले आलोचना र आत्म-आलोचनाको अभ्यास गर्छन्, जसले उनीहरूलाई सँगसँगै प्रगति गर्न सम्भव तुल्याउँछ ।

यो क्रान्तिकारी नैतिकता अनुकूल छ । आफ्नो धेरै वर्षको भूमिगत गतिविधिका क्रममा, औपनिवेशिकहरूद्वारा कडा रूपमा दमन गरिए पनि र धेरै कठिनाइ तथा खतराहरूको सामना गर्नुपरे पनि, हाम्रो पार्टी दिनप्रतिदिन विकसित र बलियो हुँदै गयो । त्यसपछि क्रान्ति तथा प्रतिरोधको युद्धलाई विजयतर्फ डोर्‍यायो । यो यस तीखो हतियार : आलोचना र आत्म-आलोचनाको प्रभावकारी प्रयोगका कारण सम्भव भएको हो ।

यद्यपि, अझै केही यस्ता पार्टी सदस्यहरू बाँकी छन् जो व्यक्तिवादबाट मुक्त हुन नसक्दा अभिमानी र घमण्डी बन्छन् र आफ्ना गुणहरूको बखान गरिरहन्छन् । अरूको आलोचना गरिरहँदा, उनीहरू आफू आलोचित हुन मन पराउँदैनन्; उनीहरू आत्म-आलोचनाबाट पन्छिन्छन् वा निष्ठा र गम्भीरताबिना यसको औपचारिक अभ्यास मात्र गर्छन् । उनीहरू आफ्नो साख र प्रतिष्ठा गुम्ने डर मान्छन् । उनीहरू जनसमुदायको विचारमा ध्यान दिँदैनन् र गैर-पार्टी कार्यकर्ताहरूलाई हल्का रूपमा लिन्छन् । उनीहरूले यो बुझ्दैनन् कि आफ्नो काममा कुनै पनि गल्ती नगर्नु कठिन कुरा हो । हामी सम्भावित गल्तीहरूसँग डराउँदैनौं, बल्कि तिनीहरूलाई दृढतापूर्वक सुधार्न असफल हुने कुरासँग डराउँछौं । गल्तीहरू सच्याउनका लागि, हामीले जनसमुदायको आलोचना सुन्नुपर्छ र साँचो मनले आत्म-आलोचना गर्नुपर्छ । अन्यथा हामी पछि पर्नेछौं र पतन हुनेछौं, जसले गर्दा हामीलाई जनसमुदायद्वारा किनारा लगाइनेछ । यो व्यक्तिवादको अनिवार्य परिणाम हो ।

मजदुरवर्ग र श्रमजीवी जनताको शक्ति विशाल र असीमित छ । तर, यदि उनीहरूले विजय प्राप्त गर्ने हो भने उनीहरूलाई पार्टीले नेतृत्व गर्नैपर्छ । साथै, क्रान्तिलाई विजयी बनाउनका लागि पार्टी जनसमुदायको नजिक रहनुपर्छ र उनीहरूलाई कुशलतापूर्वक सङ्गठित तथा नेतृत्व गर्नुपर्छ ।


क्रान्तिकारी नैतिकता भनेको जनसमुदायसँग एकाकार भएर एकजुट हुनु, उनीहरूलाई विश्वास गर्नु र उनीहरूको विचारमा ध्यान दिनु हो । आफ्ना भनाइ र गराइद्वारा, पार्टी तथा श्रमजीवी युवा सङ्घका सदस्यहरू र कार्यकर्ताहरूले जनताको विश्वास, सम्मान र माया जित्छन्, उनीहरूलाई पार्टीको वरिपरि दृढतापूर्वक एकजुट गराउँछन् र उनीहरूलाई सङ्गठित, शिक्षित तथा परिचालन गर्छन् ताकि उनीहरूले उत्साहपूर्वक पार्टीका नीति र प्रस्तावहरू लागू गरून् ।

हामीले क्रान्ति र प्रतिरोधको युद्धका क्रममा यही गरेका थियौं । तर, वर्तमान समयमा, व्यक्तिवादले हाम्रा कतिपय कमरेडहरूलाई सताइरहेको छ । आफू सबै कुरामा जान्ने-सुन्ने भएको दाबी गर्दै उनीहरू जनसमुदायबाट टाढिन्छन्, उनीहरूबाट सिक्न अस्वीकार गर्छन् र केवल उनीहरूको शिक्षक बन्न चाहन्छन् । उनीहरू जनसमुदायबिच सङ्गठन, प्रचार र शिक्षाको काममा संलग्न हुन हिचकिचाउँछन् । उनीहरू नोकरशाही र आदेशवादी प्रवृत्तिबाट ग्रस्त हुन्छन् । फलस्वरूप, जनसमुदायले उनीहरूलाई न त विश्वास गर्छन्, न त सम्मान गर्छन् र माया गर्ने त टाढाको कुरा हो । अन्ततः, उनीहरूले कुनै पनि राम्रो काम गर्न सक्दैनन् ।

हाम्रो देशको उत्तर भाग समाजवादतर्फ अघि बढिरहेको छ । यो लाखौं श्रमजीवी जनताको तीव्र आकाङ्क्षा हो । हाम्रो पार्टीको नेतृत्वमा श्रमजीवी जनसमुदायको यो एक सामूहिक प्रयास हो । समाजवादको निर्माणमा व्यक्तिवाद एउटा ठूलो बाधा हो । त्यसकारण, समाजवादको सफलतालाई व्यक्तिवाद उन्मूलनको सङ्घर्षको सफलताबाट अलग गर्न सकिँदैन ।

व्यक्तिवादका विरुद्ध सङ्घर्ष गर्नु भनेको 'व्यक्तिगत हितलाई कुल्चिनु' होइन । प्रत्येक व्यक्तिको आफ्नै चरित्र, उसका सबल पक्ष, उसको निजी जीवन र उसको परिवारको जीवन हुन्छ । जब व्यक्तिको हितले समष्टिको हितलाई बाधा पुर्‍याउँदैन, तब त्यसमा कुनै हानि हुँदैन । तर, मानिसले यो महसुस गर्नुपर्छ कि केवल समाजवादी व्यवस्थाअन्तर्गत मात्र प्रत्येक व्यक्तिले आफ्नो निजी जीवनमा सुधार गर्न सक्छ र आफ्नो व्यक्तित्व तथा आफ्ना सबल पक्षहरूलाई विकसित गर्न सक्छ ।

मानिसको सम्मान गर्ने, उसको वैध व्यक्तिगत हितमा उचित ध्यान दिने र ती हितहरू पूरा हुने कुरा सुनिश्चित गर्ने मामलामा समाजवाद र साम्यवादजस्तो अर्को कुनै व्यवस्था छैन । शोषकवर्गद्वारा शासित समाजमा यस वर्गका केही मानिसहरूको मात्र व्यक्तिगत हित पूरा हुन्छ,


क्रान्तिकारी नेता हो चि मिन्ह

जबकि श्रमजीवी जनसमुदायको हितलाई खुट्टाले कुल्चिन्छ । तर, श्रमजीवी जनता मालिक हुने समाजवादी र साम्यवादी व्यवस्थाहरूमा प्रत्येक मानिस समष्टिको एउटा हिस्सा हुन्छ, त्यसमा एक निश्चित भूमिका खेल्दछ र समाजमा आफ्नो योगदान दिन्छ । त्यसैले त व्यक्तिगत हित समष्टिको हितभित्रै रहन्छ र त्यसैको एउटा अंश हुन्छ । जब समष्टिको हित सुरक्षित हुन्छ, तब मात्र व्यक्तिगत हित पूरा हुन सक्छ ।

व्यक्तिगत हित समष्टिको हितसँग घनिष्ठ रूपमा जोडिएको हुन्छ । यदि तिनीहरूबिच कुनै अन्तर्विरोध उत्पन्न भयो भने क्रान्तिकारी नैतिकताले व्यक्तिगत हितलाई समष्टिको हितका लागि त्याग्न माग गर्दछ ।

क्रान्ति निरन्तर अगाडि बढ्छ । पार्टी पनि त्यसरी नै बढ्छ । क्रान्तिकारी पनि त्यसरी नै अगाडि बढ्नैपर्छ ।

क्रान्तिकारी आन्दोलनमा करोडौं मानिसहरू संलग्न हुन्छन् । क्रान्तिकारी कार्यमा हजारौं अत्यन्त जटिल र कठिन कार्यहरू समावेश हुन्छन् । सबै जटिल परिस्थितिहरूको मूल्याङ्कन गर्न, अन्तर्विरोधहरूलाई स्पष्ट रूपमा देख्न र विभिन्न समस्याहरूलाई सही रूपमा समाधान गर्न सक्षम हुनका लागि हामीमा मार्क्सवाद-लेनिनवादको अध्ययन गर्ने हुटहुटी हुनैपर्छ ।

यसो गरेर मात्र हामीले आफ्नो क्रान्तिकारी नैतिकतालाई सुदृढ गर्न, आफ्नो दृष्टिकोणलाई दृढतापूर्वक कायम राख्न, आफ्नो सैद्धान्तिक तथा राजनीतिक स्तरलाई उच्च बनाउन र पार्टीद्वारा हामीलाई सुम्पिएका जिम्मेवारीहरू पूरा गर्न सक्छौं ।

मार्क्सवाद-लेनिनवादको अध्ययन गर्नु भनेको त्यस्तो दृष्टिकोण र भावना सिक्नु हो जसद्वारा मानिसले परिस्थितिलाई, अन्य मानिसहरूलाई र स्वयं आफूलाई बुझ्न र व्यवहार गर्न सकोस् । यसको अर्थ सार्वभौम मार्क्सवादी-लेनिनवादी सत्यहरूलाई हाम्रो देशको व्यावहारिक परिस्थितिअनुरूप रचनात्मक रूपमा लागू गर्नका लागि तिनको अध्ययन गर्नु हो । हामीले काम गर्ने उद्देश्यका साथ अध्ययन गर्नुपर्छ । सिद्धान्त र व्यवहार सँगसँगै जानुपर्छ ।

तर, केही कमरेडहरू मार्क्सवाद-लेनिनवादका केही पुस्तकहरू कण्ठ मात्र गर्छन् । उनीहरू आफूले मार्क्सवाद-लेनिनवाद अरू कसैले भन्दा राम्ररी बुझेको ठान्छन् । तापनि, जब व्यावहारिक समस्याहरूको सामना गर्नुपर्छ, उनीहरू कि त यान्त्रिक तरिकाले काम गर्छन् कि त अलमलमा पर्छन् । उनीहरूको भनाइ र गराइ मिल्दैन । उनीहरू मार्क्सवाद-लेनिनवादका पुस्तकहरू त पढ्छन् तर मार्क्सवादी-लेनिनवादी भावना आत्मसात् गर्ने प्रयास गर्दैनन् । उनीहरू केवल आफ्नो ज्ञानको घमण्ड देखाउन चाहन्छन्, त्यसलाई क्रान्तिकारी कार्यमा लागू गर्न होइन । यो पनि व्यक्तिवाद नै हो ।

व्यक्तिवादले सयौं खतरनाक रोगहरूलाई जन्म दिन्छ : नोकरशाही, आदेशवाद, गुटबन्दी, आत्मपरकता (पूर्वाग्रह), भ्रष्टाचार, फजुलखर्च... यसले आफ्ना सिकारहरूलाई बाँधेर राख्छ र उनीहरूको आँखामा पट्टी बाँधिदिन्छ, जसले गर्दा उनीहरूको हरेक कार्य वर्ग र जनताको हितको चिन्ताद्वारा नभई सम्मान र पदको चाहनाद्वारा निर्देशित हुन्छ । व्यक्तिवाद समाजवादको एक क्रूर शत्रु हो । क्रान्तिकारीले यसको अन्त्य गर्नैपर्छ ।

वर्तमान समयमा, हाम्रो पार्टी र जनताको कार्य उत्तर भागको निर्माण गर्न, यसलाई बिस्तारै समाजवादतर्फ लैजान र देशको पुन:एकीकरणका लागि यसलाई एउटा बलियो आधारस्तम्भ बनाउनका लागि उत्पादन बढाउन र मितव्ययिता अपनाउन प्रयास गर्नु हो । यो अत्यन्तै गौरवशाली कार्य हो । पार्टी र श्रमजीवी युवा सङ्घका सम्पूर्ण सदस्यहरू, पार्टीभित्र र बाहिरका सम्पूर्ण कार्यकर्ताहरू पार्टी र जनताको सेवामा आफ्नो सम्पूर्ण जीवन समर्पित गर्न दृढ सङ्कल्पित बनून् । यो क्रान्तिकारीको उदात्त सद्गुण हो; यो क्रान्तिकारी नैतिकता हो; पार्टी र वर्गीय भावना हो; जसले पार्टी, वर्ग र जनताको विजय सुनिश्चित गर्दछ ।

क्रान्तिकारी नैतिकता आकाशबाट खस्दैन । यो दैनिक रूपमा गरिने दृढ सङ्घर्ष र प्रयासबाट विकसित तथा सुदृढ हुन्छ । जेड (एक प्रकारको बहुमूल्य पत्थर) जस्तै, यसलाई जति बढी पालिस गर्‍यो, यो त्यति नै बढी चम्किन्छ । सुन जस्तै, यसलाई जति बढी पगाल्यो, यो त्यति नै बढी शुद्ध हुँदै जान्छ ।

समाजवादको निर्माण र मानव जातिको मुक्तिमा एउटा महत्त्वपूर्ण योगदान पुर्‍याउनका लागि आफ्नो क्रान्तिकारी नैतिकताको विकास गर्नुभन्दा ठूलो खुसी र गौरवको स्रोत अरू के हुन सक्छ र !

म पार्टी र श्रमजीवी युवा सङ्घका सम्पूर्ण सदस्यहरू तथा पार्टीभित्र र बाहिरका सम्पूर्ण कार्यकर्ताहरूले कडा परिश्रम गर्नेछन् र प्रगति गर्नेछन् भन्ने हार्दिक आशा गर्दछु ।

***समाप्त***

**स्रोत :** *https://en.prolewiki.org*




भारतको छत्तिसगढ राज्यको कोर्बा जिल्लामा अखिल भारत किसान सभा र भूमि विस्थापित रोजगार एकता सङ्घको आयोजनामा अन्यायपूर्ण भूमि अधिग्रहणविरुद्ध जिल्ला कलेक्टर कार्यालय घेराउ अघि अगाडि बढेको विशाल किसान र्‍याली जून १५, २०२६ का दिन।

*तस्बिर : अखिल भारत किसान सभाको फेसबुक पेज*

# खडेरीको चिन्ता र प्रजग कोरियाको 'सुक्खा धान' अभियान

सियोल, १६ जून (एएफपी)। प्रजातान्त्रिक जनगणतन्त्र (प्रजग) कोरियाले परम्परागत पानीमा डुबाइने धानखेतीको विकल्पका रूपमा सुक्खा खेतमा धान उत्पादनलाई तीव्रता दिएको छ। राज्य सञ्चारमाध्यमले यसलाई कृषि उत्पादन बढाउने प्रयासका रूपमा प्रस्तुत गरेका छन्।

प्योङयाङको सरकारी समाचार संस्था कोरियन सेन्ट्रल न्युज एजेन्सी ( केसीएनए) ले मङ्गलबार देशका विभिन्न क्षेत्रमा सुक्खा खेतमा धान खेती विस्तार भइरहेको जनाएको छ। सामान्यतया धानखेतीका लागि प्रशस्त पानी आवश्यक पर्ने भए पनि यस्तो विधि सिँचाइ सीमित हुँदा वा वर्षामा निर्भर रहँदा प्रयोग गरिन्छ।

यसअघि अप्रिलमा केसीएनएले देशले 'असामान्य' र 'गम्भीर' खडेरीको सामना गरिरहेको चेतावनी दिएको थियो र बाली जोगाउन विशेष कदम चालिएको उल्लेख गरेको थियो। त्यसयता खडेरीको अवस्था अझै चुनौतीपूर्ण रहेको विभिन्न रिपोर्टहरूले देखाएका छन्।

प्रजग कोरियाको सरकारी टेलिभिजनले गत महिना पश्चिमी क्षेत्रमा पर्ने दक्षिण ह्वान्घे प्रान्तका विभिन्न स्थानमा गम्भीर खडेरीको अवस्था देखाएको थियो। उक्त क्षेत्र देशको प्रमुख अन्न उत्पादन केन्द्र मानिन्छ।

विशेषज्ञहरूका अनुसार पछिल्ला घटनाक्रमले प्रजग कोरियाको कृषि क्षेत्रमा पानीको अभाव गम्भीर बन्दै गएको सङ्केत गर्छ। डोङगुक विश्वविद्यालयका प्राध्यापक किम योङ-ह्युनले पानीको उपलब्धता घट्दा सुक्खा खेतको धान वैकल्पिक उत्पादन प्रणालीका रूपमा प्रयोग गरिने बताउनुभयो।

उहाँले उत्तर कोरियाले यस्तो खेती विस्तार गरिरहेको तथ्यले यस वर्षको अन्त्यसम्म खाद्य उत्पादनबारे चिन्ता बढ्न सक्ने सङ्केत दिने बताउनुभयो। उत्पादनमा कमी आए खाद्यान्न अभाव अझ गहिरिन सक्ने उहाँको भनाइ छ।

इवा वुमन्स युनिभर्सिटीका प्रजग कोरियाली अध्ययनका प्राध्यापक पार्क वोन-गोनले पनि खडेरीको अवस्था उल्लेखनीय रूपमा सुधार नभएको आकलन गर्नुभयो। उहाँका अनुसार प्रजग कोरियाले प्रत्येक वर्ष करिब पाँच लाखदेखि १० लाख टनसम्म खाद्यान्न अभाव झेल्दै आएको छ।

विश्लेषकहरूका अनुसार जलवायुजन्य जोखिम, सीमित कृषि प्रविधि र दीर्घकालीन आर्थिक कठिनाइका कारण प्रजग कोरियाको खाद्य सुरक्षा चुनौती आगामी दिनमा अझ गम्भीर बन्न सक्ने देखिएको छ।

# राष्ट्रसङ्घद्वारा अमेरिका इरान सम्झौताको स्वागत

संयुक्त राष्ट्रसङ्घ, १६ जून (सिन्ह्वा)। संयुक्त राष्ट्रसङ्घको महासभाका अध्यक्ष एनालेना बारबकले सोमबार संयुक्त राज्य अमेरिका र इरानबिच भएको सम्झौताको घोषणालाई स्वागत गर्नुभएको छ।

संयुक्त राज्य अमेरिका र इरानले लामो समयको युद्धपछि समझदारीमा आएर गरेको सहमति घोषणालाई महासभाका अध्यक्ष र महासचिवले स्वागत गर्दै विज्ञप्ति जारी गरेको जनाइएको छ।

द्विदेशिय युद्धमन कारण हजारौँ नागरिकहरूको मृत्यु नागरिक पूर्वाधारको विनाश, स्ट्रेट अफ होर्मुजमा अवरोध क्षेत्रीय अस्थिरता र विश्वव्यापी आर्थिक उथलपुथल निम्त्याएको थियो भने यो समझदारीसँगै युद्ध अन्त्य भई दिगो शान्ति कायम हुने अपेक्षा गरिएको छ।

समझदारीको लागि मध्यस्थकर्ताहरूलाई धन्यवाद दिँदै उहाँहरूले लेबनानलगायत सबै पक्षहरूलाई तत्काल र स्थायी युद्धविरामको पूर्ण पालना गर्न र संयुक्त राष्ट्रको बडापत्र र अन्तर्राष्ट्रिय कानुनअनुरूप सबै विवादहरूको कूटनीतिक समाधान खोज्न यो अवसरको उपयोग गर्न आह्वान गर्नुभएको छ।

मध्यपूर्वमा स्थायी शान्ति ल्याउने, यस क्षेत्रका सबै देश र जनताको सुरक्षा सुनिश्चित गरी निर्दोष नागरिकहरूको पीडा अन्त्य गर्ने यो एक मात्र तरिका भएको विज्ञप्तिमा उल्लेख गरिएको छ।

**हर्मुज मार्ग पुनः खुल्ने सङ्केत**

अमेरिका-इरान सम्झौतापछि विश्वको सबैभन्दा महत्त्वपूर्ण तेल ढुवानी मार्ग हर्मुजको जलडमरु पुनः सञ्चालनतर्फ अघि बढेको सङ्केत देखिएको छ।

तीन महिनासम्म चलेको द्वन्द्वपछि वासिङ्टन र तेहरानबिच भएको सहमतिलाई विश्व अर्थतन्त्रका लागि महत्त्वपूर्ण मोडका रूपमा हेरिएको छ। फेब्रुअरीको अन्त्यमा इरानमा भएको अमेरिका-इजरायली आक्रमणपछि उत्पन्न तनावका कारण विश्व बजार अस्थिर बनेको थियो।

सम्झौताको खबर सार्वजनिक भएसँगै विश्व बजारमा सकारात्मक प्रतिक्रिया देखिएको छ। वाल स्ट्रिटको डाउ जोन्स सूचकाङ्क ऐतिहासिक उचाइमा पुगेको छ भने कच्चा तेलको मूल्य करिब पाँच प्रतिशतले घटेको छ, जसले ऊर्जा आपूर्ति सहज हुने अपेक्षा बढाएको छ।

इरानी सञ्चारमाध्यमका अनुसार सोमबार साँझ केही तेल ट्याङ्कर र मालवाहक जहाजहरू विवादित जलमार्ग हुँदै अघि बढेका थिए। युद्ध सुरु भएदेखि इरानले हर्मुज मार्ग अवरुद्ध गरेको आरोप लाग्दै आएको थियो, जसले विश्व तेल बजारमा ठुलो मूल्यवृद्धि र आपूर्ति सङ्कटको डर बढाएको थियो।

यसैबिच, अमेरिका, इरान र मध्यस्थकर्ता पाकिस्तानले शुक्रबार स्विट्जरल्यान्डमा औपचारिक शान्ति सम्झौतामा हस्ताक्षर गर्ने तयारी गरेको जनाइएको छ। यद्यपि केही अमेरिकी अधिकारीहरूले कागजातमा इलेक्ट्रोनिक हस्ताक्षर भइसकेको बताएका छन्।

अमेरिकी उपराष्ट्रपति जेडी भान्सले सम्झौतामा कुनै पनि अमेरिकी करदाताको पैसा इरानमा नजाने स्पष्ट पार्दै यसलाई कूटनीतिक समाधानतर्फको कदमका रूपमा व्याख्या गरेका छन्। उनले अन्तर्राष्ट्रिय आणविक ऊर्जा निकायसँग सहकार्य गरेर इरानको अत्यधिक समृद्ध युरेनियम भण्डार व्यवस्थापन गरिने उल्लेख गरे।

इरानका अधिकारीहरूले भने सम्झौतालाई युद्धको 'तत्काल अन्त्य' का रूपमा मात्र प्रस्तुत गरेका छन्। उपविदेशमन्त्री काजेम घारिबाबादीले दुई महिनाभित्र अन्तिम सम्झौताका लागि थप वार्ता हुने बताउनुभयो। इरानी सेनाले यसलाई 'विजय' भन्दै अमेरिकालाई 'अपमानित' गरिएको दाबी गरेको छ भने राष्ट्रपति मसुद पेजेस्कियानले यसलाई क्षेत्रीय रूपमा ठुलो उपलब्धि भन्नुभयो।

तर, इरानी विदेशमन्त्री अब्बास अराघचीले विगतका सम्झौता कार्यान्वयन नभएको अनुभव स्मरण गर्दै सावधानी अपनाउनुपर्ने धारणा राख्नुभएको छ। उहाँका अनुसार विगतका असफल प्रतिबद्धताले अहिलेको विश्वासमा असर पारेको छ।

सम्झौताका विस्तृत सर्तहरू अझै अस्पष्ट रहेका छन्। इरानले विदेशमा रोकिएको कोष फिर्ता र युद्धका क्षतिको क्षतिपूर्ति मागेको जनाएको छ भने अमेरिकी पक्षले १२ अर्ब डलर बराबरको जफत सम्पत्ति फुकुवा गर्ने चर्चा गरिएको छ।

उपराष्ट्रपति भान्सले कुनै पनि अमेरिकी रकम इरानमा नगएको स्पष्ट गर्दै संवेदनशील विषयमा कडा निगरानी रहने बताउनुभयो। साथै इरानमा अन्तर्राष्ट्रिय निरीक्षकहरूको प्रवेश अनुमति दिने विषयमा पनि छलफल भइरहेको छ।

हर्मुज मार्ग पुनः सञ्चालन र सम्भावित शान्ति सम्झौताले विश्व ऊर्जा बजारमा अस्थायी स्थिरता ल्याएको भए पनि राजनीतिक विवाद, क्षेत्रीय सुरक्षा चुनौती र आणविक कार्यक्रमसम्बन्धी असमझदारी अझै कायम रहेको विश्लेषकहरूले बताएका छन्।

इरानभित्र पनि सम्झौताप्रति मिश्रित प्रतिक्रिया देखिएको छ। केही नागरिकले जीवन सामान्यतर्फ फर्कने आशा व्यक्त गरे पनि धेरैले दीर्घकालीन स्थायित्वप्रति शङ्का व्यक्त गरेका छन्।

इजरायल, लेबनान र गाजासम्म फैलिएको क्षेत्रीय तनावको सन्दर्भमा पनि यो सम्झौता निर्णायक मोड बन्न सक्ने अनुमान गरिएको छ। यद्यपि, इजरायली पक्षले आफ्ना सुरक्षा स्वार्थमा सम्झौता नगर्ने सङ्केत दिएको छ।

अन्तर्राष्ट्रिय समुदायले भने हर्मुज मार्ग पुनः खुल्नु र युद्धविरामको सम्भावनाले विश्व ऊर्जा आपूर्ति र आर्थिक स्थिरतामा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरेको छ।

# अमेरिकामा बी-५२ दुर्घटनामा आठको मृत्यु

लस एन्जलस, १६ जून (एपी)। दक्षिणी क्यालिफोर्नियाको मोजावे मरुभूमिमा रहेको एडवर्ड्स एयर फोर्स बेसमा परीक्षण उडानका क्रममा अमेरिकी वायु सेनाको बी-५२ बमवर्षक दुर्घटनाग्रस्त हुँदा सवार सबै आठ जनाको मृत्यु भएको छ। टेकअफ गरेको केही समयमै भएको उक्त दुर्घटनापछि विमानमा आगलागी भएको र मरुभूमि क्षेत्रमा ठुलो क्षति पुगेको अधिकारीहरूले पुष्टि गरेका छन्।

दुर्घटना सोमबार बिहान करिब ११:२० बजे नियमित परीक्षण मिसनका क्रममा भएको हो। लस एन्जलसको उत्तरमा रहेको उक्त आधारको रनवे नजिकैको मरुभूमि क्षेत्रमा विमान खसेपछि ठुलो मात्रामा कालो धुवाँ उठेको र आपत्कालीन टोलीहरू तुरुन्तै परिचालन गरिएको हवाई दृश्यहरूले देखाएका छन्।

एडवर्ड्स एयर फोर्स बेसको ४१२ औँ टेस्ट विङका उपकमान्डर कर्नल जेम्स हेसका अनुसार विमानमा सरकारी ठेकेदार र बर्दीधारी सैनिकहरू सवार थिए। विमान निर्माता बोइङले पनि आफ्ना दुई कर्मचारी विमानमा रहेको पुष्टि गरेको छ। अधिकारीहरूले सबै आठ जनाको ज्यान गएको र उनीहरूको परिवारलाई जानकारी दिने प्रक्रिया जारी रहेको बताएका छन्।

कर्नल हेसले पत्रकार सम्मेलनमा भन्नुभयो, "हामीले आठ जना महान् अमेरिकीहरू गुमाएका छौँ।" उहाँका अनुसार दुर्घटनाको कारण तत्काल स्पष्ट नभए पनि विस्तृत अनुसन्धान सुरु गरिएको छ। अनुसन्धानमा करिब छ महिना लाग्न सक्ने अनुमान गरिएको छ।

दुर्घटनाग्रस्त बी-५२ विमान राडार आधुनिकीकरण कार्यक्रमसँग सम्बन्धित परीक्षण उडानमा संलग्न रहेको बताइएको छ। तर, यो नै त्यही विशेष विमान थियो कि थिएन भन्ने विषयमा स्पष्टता आएको छैन।

बी-५२ स्ट्राटोफोर्ट्रेस अमेरिकी वायु सेनाको लामो दूरी बमवर्षक विमान हो। यो विमानले सन् १९५५ देखि सेवा दिँदै आएको छ। परम्परागत र आणविक हतियार बोक्न सक्ने क्षमता भएको यो विमान भियतनामदेखि मध्यपूर्वसम्मका विभिन्न सैन्य अभियानमा प्रयोग हुँदै आएको छ।

एडवर्ड्स एयर फोर्स बेसलाई अमेरिकी वायु सेनाको प्रमुख परीक्षण केन्द्रका रूपमा लिइन्छ। यहाँ विमान, हतियार प्रणाली र सफ्टवेयरहरूको विकास र परीक्षण गरिन्छ। यही आधारमा सन् १९४७ मा परीक्षण पाइलट चक येगरले पहिलोपटक ध्वनि अवरोध तोड्दै ऐतिहासिक उपलब्धि हासिल गर्नुभएको थियो।

दुर्घटनापछि एयरफिल्ड केही समयका लागि बन्द गरिएको थियो र उडानहरू अन्य स्थानमा मोडिएका थिए। पछि आधार आंशिक रूपमा पुनः सञ्चालनमा आएको भए पनि गैर-व्यावसायिक आगन्तुक पासहरू निलम्बन गरिएको छ।

उड्डयन सुरक्षा विशेषज्ञ जेफ गुजेट्टीका अनुसार प्रारम्भिक सङ्केतहरूले उडान नियन्त्रण प्रणालीमा समस्या देखिएको हुन सक्ने अनुमान गरिएको छ। उहाँले मर्मतपछि नियन्त्रणमा त्रुटि, इन्जिन असफलता वा परीक्षण उपकरणमा समस्या हुन सक्ने सम्भावनाहरू औँल्याउनुभयो।

यद्यपि, बी-५२ जस्तो विमान दशकौँदेखि प्रयोगमा रहे पनि नयाँ राडार प्रणाली तथा आधुनिक परीक्षण उपकरणहरूको समावेशले परीक्षण उडानलाई अझ जटिल र जोखिमपूर्ण बनाउने विज्ञहरूको भनाइ छ। उड्डयन विज्ञहरूले परीक्षण उडान सामान्य सञ्चालनभन्दा सधैँ बढी जोखिमपूर्ण हुने भएकाले कडा सुरक्षा प्रोटोकल आवश्यक हुने बताएका छन्।

यसअघि पनि अमेरिकी वायु सेनाका प्रशिक्षण र परीक्षण उडानहरूमा घातक दुर्घटनाहरू भएका छन्, जसमा २०२४ मा टेक्सासमा इजेक्सन सीट सक्रिय हुँदा एक प्रशिक्षक पाइलटको मृत्यु भएको थियो भने २०२२ र २०२१ मा भएका अलग-अलग दुर्घटनाहरूमा पनि पाइलटहरूको ज्यान गएको थियो।

हालको दुर्घटनापछि अमेरिकी वायु सेनाले विस्तृत अनुसन्धान अघि बढाएको छ भने घटनाको वास्तविक कारण अझै खुल्न बाँकी रहेको अधिकारीहरूले बताएका छन्।

# जापानमा ब्याजदर र महँगी उच्च

टोकियो, १६ जून (एएफपी)। मध्यपूर्व युद्धका कारण बढ्दो मुद्रास्फीति, महँगो ऊर्जा आयात र कमजोर येनमाथिको दबाबबिच बैङ्क अफ जापान (बीओजे) ले मङ्गलबार ब्याजदर बढाएर ३१ वर्षयताकै उच्चस्तरमा पुर्‍याएको छ। अमेरिका र इरानबिच युद्ध अन्त्य गर्ने सहमति भए पनि विश्व अर्थतन्त्रमा अनिश्चितता कायम रहेकाले जापानले मौद्रिक नीतिलाई थप कडा बनाएको हो।

जापानको केन्द्रीय बैङ्कले आफ्नो प्रमुख नीतिगत ब्याजदर २५ आधारबिन्दुले बढाएर १.० प्रतिशत पुर्‍याएको छ। यो सन् १९९५ पछिको उच्चतम स्तर हो भने डिसेम्बरयताको पहिलो वृद्धि पनि हो। विश्वको चौथो ठुलो अर्थतन्त्र जापानका लागि यो निर्णयलाई मुद्रास्फीति नियन्त्रण र मुद्रा स्थिरताको प्रयासका रूपमा हेरिएको छ।

मध्यपूर्वमा तीन महिनासम्म चलेको द्वन्द्वले विश्वव्यापी ऊर्जा बजारमा ठुलो असर पारेको थियो। युद्धका कारण तेलको मूल्य बढ्दा धेरै देशमा महँगी चुलिएको छ। यही पृष्ठभूमिमा गत साता युरोपेली केन्द्रीय बैङ्क र इन्डोनेसियाको केन्द्रीय बैङ्कले पनि ब्याजदर बढाएका थिए।

अमेरिकामा मुद्रास्फीति तीन वर्षयताकै उच्च स्तरमा पुगेपछि अमेरिकी फेडरल रिजर्भले पनि आगामी दिनमा ब्याजदर वृद्धि गर्न सक्ने अनुमान बढेको छ। यद्यपि, नयाँ नेतृत्वमा रहेको फेडले यस साताको बैठकमा तत्काल निर्णय गर्ने अपेक्षा गरिएको छैन।

अस्ट्रेलियाको रिजर्भ बैङ्कले यस वर्ष तीनपटक ब्याजदर बढाइसकेको छ भने बैङ्क अफ इङ्गल्यान्डले पनि आगामी दिनमा कडा मौद्रिक नीति अपनाउन सक्ने विश्लेषण गरिएको छ।

संयुक्त राज्य अमेरिका र इरानले सप्ताहन्तमा तीन महिना लामो मध्यपूर्व युद्ध अन्त्य गर्ने र हर्मुज जलडमरु पुनः सञ्चालन गर्ने सहमति गरेका थिए। विश्वको करिब पाँचौँ भाग तेल आपूर्ति यही मार्गबाट हुने भएकाले उक्त सम्झौतालाई विश्व अर्थतन्त्रका लागि महत्त्वपूर्ण मानिएको छ। स्विट्जरल्यान्डमा शुक्रबार औपचारिक हस्ताक्षर हुने तय भए पनि विश्व व्यापार र आपूर्ति शृङ्खला सामान्य अवस्थामा फर्किन समय लाग्न सक्ने अनुमान गरिएको छ।

फेब्रुअरी २८ मा युद्ध सुरु हुनुअघि जापान आफ्नो कच्चा तेल आवश्यकताको करिब ९० प्रतिशत मध्यपूर्वबाट आयातमा निर्भर थियो। तेलको मूल्यवृद्धि र जापान तथा अमेरिकाबिचको ब्याजदर अन्तरले येनमाथि थप दबाब सिर्जना गरेको छ।

गत महिना येन अमेरिकी डलरको तुलनामा १६० को स्तरमा झरेपछि जापान सरकारले मुद्रा स्थिर राख्न करिब ११७ खर्ब येन अर्थात् करिब ७२ अर्ब डलर खर्च गरेको थियो। मङ्गलबारको निर्णयपछि येन केही बलियो बने पनि त्यसको अधिकांश लाभ टिक्न सकेन।

अक्सफोर्ड इकोनोमिक्सका जापान प्रमुख अर्थशास्त्री सिगेटो नागाईले बैङ्क अफ जापानले नीतिगत दर वृद्धि गर्न थप ढिलाइ गर्न नसक्ने बताउनुभएको थियो। उहाँका अनुसार ढिलाइ भए वित्तीय बजार निराश हुन सक्थ्यो र येनको थप अवमूल्यन हुन सक्थ्यो।

बैङ्क अफ जापानका गभर्नर काजुओ उएडा अस्पतालमा रहेका कारण उप-गभर्नर शिनिची उचिडाले निर्णयपछि सञ्चारमाध्यमलाई सम्बोधन गर्ने कार्यक्रम तय गरिएको थियो।

बीएनपी परिबासका प्रमुख अर्थशास्त्री रयुतारो कोनोका अनुसार जापानको आर्थिक जोखिम केही घटेको छ र आधारभूत मुद्रास्फीति अझ बढ्न सक्ने सङ्केत देखिएको छ। पेट्रोलियम तथा ऊर्जामा सरकारी अनुदानका कारण घरेलु माग पनि तुलनात्मक रूपमा मजबुत रहेको उहाँको भनाइ छ।

यद्यपि अत्यधिक आक्रामक रूपमा ब्याजदर बढाउँदा प्रधानमन्त्री साने ताकाइची नेतृत्वको सरकारसँग मतभेद उत्पन्न हुन सक्ने विश्लेषण पनि गरिएको छ। यसबिच बीओजेभित्रै पनि मतभेद देखिएको छ। अघिल्लो बैठकमा नौ सदस्यीय बोर्डका तीन सदस्यले ब्याजदर यथावत् राख्ने निर्णयको विपक्षमा मतदान गरेका थिए।

अब लगानीकर्ता र बजारको ध्यान बैङ्क अफ जापानले आगामी महिनाहरूमा पुनः ब्याजदर बढाउने सङ्केत दिन्छ कि दिँदैन भन्नेमा केन्द्रित छ। साथै, उधारो लागत कम राख्न सञ्चालन गरिरहेको विशाल बन्ड खरिद कार्यक्रमबारे बैङ्कको आगामी रणनीति पनि चासोको विषय बनेको छ।

# टरिगाउँ विमानस्थलमा 'न त जहाजको टुङ्गो, न त बजेटकै'

**दीपक बोहरा**

तुलसीपुर (दाङ) । दाङको तुलसीपुर उपमहानगरपालिका-१२ स्थित टरिगाउँ विमानस्थल नेपालकै पुराना विमानस्थलमा पर्छ । विसं २०११ मा सञ्चालनमा आएको हो तर यस विमानस्थल सुरुआतदेखि जत्रो थियो, त्योभन्दा ठुलो बनाउन सकिएको छैन । हाल विमानस्थलको लम्बाइ ७५० मिटर रहेको छ । धावनमार्ग सानो भएकै कारणले अहिले ठुला विमानहरू बस्न सक्दैनन् । उन्नाइस सिट क्षमताको जहाज मात्रै बस्छन् । त्योभन्दा ठुला जहाज बस्न नसक्दा नियमित पनि हुन सकेको छैन भने भाडा पनि महँगो हुँदा प्रभावकारी रूपमा सेवा सञ्चालन हुन सकेको छैन ।

नेपाल एयरलाइन्सका तुलसीपुर शाखा प्रमुख बलबहादुर सुनारले भन्नुभयो, "हामीले हप्तामा चार दिन हवाई सेवा सञ्चालन गरिरहेका छौँ । तर, नियमित छैन, कहिले महिनामा दुई दिन मात्रै पनि चल्छ ।" आइतबार, मङ्गलबार, बिहीबार र शुक्रबार उडान हुने भनिए पनि नियमित हुन सकेको छैन । कहिले यात्रु नभएर समस्या हुन्छ भने कहिले मौसमले पनि आउन सक्दैन । यसले गर्दा यहाँका यात्रुहरू भैरहवा र नेपालगञ्ज जानुपर्ने बाध्यता रहेको छ । अहिलेको धावनमार्ग ७५० मिटर मात्रै लम्बाई हुँदा ठुला जहाज बस्न सक्दैनन् । यसको धावनमार्ग विस्तारका लागि पटक-पटक आवाज उठे पनि पूरा हुन सकेको छैन ।

तुलसीपुर उपमहानगरपालिकाले उपप्रमुख स्यानी चौधरीको नेतृत्वमा विमानस्थल स्तरवृद्धिको पहलका लागि समिति गठन गरी काम अगाडि बढाएको थियो । "स्तरवृद्धिका लागि भनेर पटक-पटक मन्त्रालय धाउँदा पनि खासै उपलब्धि हुन सकेन । हाम्रो पालिकाभित्र भएकाले हामीले पहल लिइरहेका छौँ," उपप्रमुख चौधरीले भन्नुभयो । उहाँका अनुसार उपमहानगरपालिकाले यसअघि आफैँले केही यात्रु बराबरको भाडा तिरिदिने सहमति गरेर विमान नियमित बनाएको थियो भने तुलसीपुर उद्योग वाणिज्य सङ्घले पनि पटक-पटक विमान नियमित बनाउनलाई पहल लिइरहेको थियो ।

सुरुआतमा दाङको टरिगाउँ विमानस्थलबाट जहाज रुकुमको सल्ले, चौरजहारी तथा बाँकेको नेपालगञ्ज समेत जान्थ्यो । सुरुमा टरिगाउँ विमानस्थलमा आएर यात्रु लैजानका लागि एक दिन नेपालगञ्ज हुँदै काठमाडौँ जाने गरेको नागरिक समाजका पूर्वअध्यक्ष टीकाराम रेग्मीले बताउनुभयो । उहाँका अनुसार अर्को दिन टरिगाउँबाट रुकुमको चौरजहारी गएर पुनः काठमाडौँ जान्थ्यो भने तेस्रो दिन रुकुमको सल्ले गएर काठमाडौँ जान्थ्यो । त्यतिबेला 'डकोटा' नामको विमान चल्थ्यो । यसरी नियमित तीन दिन हवाई सेवा सञ्चालनमा हुन्थ्यो ।

**वक्तव्यमा आउथ्यो, किताबमा आउँदैनथ्यो**

आर्थिक वर्ष २०६८/६९ को बजेट वक्तव्यदेखि दाङको टरिगाउँ विमानस्थलमा नियमितजसो बजेट वक्तव्यमा आउने गर्थ्यो तर बजेट भने नआउने समस्याले यस क्षेत्रका नागरिक आजित छन् । आव २०६८/६९ मा धावनमार्ग कालोपत्रे भएको थियो । तत्कालीन पर्यटनमन्त्री लोकेन्द्र विष्ट मगरले भन्नुभयो, "जतिबेला कर्मचारी सञ्चय कोषबाट ऋण लिएर देशका विभिन्न विमानस्थलहरूको कालोपत्रे गरिएको हो, त्यतिबेला हामीसँग पैसा थिएन । कर्मचारी सञ्चय कोषबाट ऋण लिएर भए पनि कालोपत्रे गरेका हौँ ।" त्योभन्दा अघि टरिगाउँ विमानस्थल घाँसेमैदान थियो ।

करिब रु. साढे आठ करोड लागतमा अस्फाल्ट प्रविधिबाट विमानस्थल कालोपत्रे भएको हो । त्यसपछि २०७८ सालतिर ५८ लाख लागतमा टर्मिनल भवन बन्यो । त्यसबाहेक अन्य बजेट आएको छैन । आगामी आव २०८३/८४ का लागि पनि बजेट वक्तव्यमा समावेश भएकाले यसपटक बजेट विनियोजन हुने दाङ क्षेत्र नं ३ का प्रतिनिधिसभा सदस्य कमल सुवेदीले बताउनुभयो । उहाँले पहिलो चरणमा रु. २५ करोडको हाराहारीमा बजेट विनियोजन गरेर बहुवर्षीय बनाउने गरी तयारी गरेको बताउनुभयो । बहुवर्षीय बनाएमा यो विमानस्थल स्तरवृद्धि हुने उहाँको विश्वास छ ।



खासगरी टरिगाउँ विमानस्थलको धावनमार्ग विस्तारका लागि बजेट आवश्यक हो । हाल ७५० मिटर लम्बाइ भएको धावनमार्गलाई बढाएर १५ सय मिटरसम्म बनाउन सकेमा मात्रै ठुला जहाज बस्न सक्छन् तर हाल १९ सिट क्षमताका टुइनेटर जहाजमात्रै बस्ने र सानो हावा वा हुस्सु लागेपछि बस्न नसक्ने अवस्था रहेको छ । कहिले आउने र कहिले नआउने हुँदा यात्रुहरूको विश्वास समेत जित्न नसक्दा यस क्षेत्रका यात्रुहरू भैरहवा वा नेपालगञ्ज जानुपर्ने बाध्यता छन् । २०११ सालदेखि २०४२ सालसम्म नियमित रूपमा विमान सञ्चालनमा भएको विमानस्थल त्यस बिचमा नियमित हुन सकेको थिएन । तैपनि, कहिले आउने र कहिले नआउने गर्दै २०५८ सालसम्म चल्यो ।

कालोपत्रे गरेपश्चात् पुनः २०७२ जेठ १४ गते गोमा एयरले उडान भर्न सुरु गरेको थियो तर त्यो एक वर्ष पुग्दानपुग्दै अवरुद्ध बन्न पुग्यो । हाल कहिलेकाहीँ नेपाल एयरलाइन्सले यस विमानस्थलमा उडान भरिरहेको छ । बादल वा हुस्सु लाग्यो वा सानो हावा लाग्यो भने पनि उडान हुँदैन । हाल हप्तामा चार दिन भनिए पनि महिनामा दुई दिनजसो मात्रै उडान हुने गरेको एयरलाइन्सका दाङ शाखा प्रमुख बलबहादुर सुनारले बताउनुभयो । उहाँले भन्नुभयो, "हप्तामा चार दिनको तालिका छ । तर, महिनाको दुई दिन पनि जहाज धौ-धौ आउँछ ।"

**वैकल्पिक उपायको खोजी**

दाङमा वैकल्पिक विमानस्थलको बहस पनि थालियो । त्यसको मारमा पनि टरिगाउँ विमानस्थल परेको छ । आव २०७५/७६ को बजेटमै जिल्लामा वैकल्पिक विमानस्थलको खोजी गर्ने भनी बजेट आयो । त्यसकै जगमा आव २०७७/७८ र आव २०७८/७९ मा नारायणपुरमा अन्तर्राष्ट्रियस्तरको विमानस्थल बनाउने भनी बजेट वक्तव्यमा समावेश भयो । केही बजेट पनि आयो तर काम हुन नसकी 'फ्रिज' भयो ।

विमानस्थल विस्तारका लागि चार विकल्प दिइएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणले विभिन्न चार विकल्प दिएर टरिगाउँ विमानस्थल विस्तार गर्न सकिने गरी विस्तृत परियोजना प्रतिवेदन ( डिपिआर) बनाएको छ तर पहिलो विकल्पअनुसार नै काम गर्ने गरी अगाडि बढे पनि त्यो हुन सकेको छैन । पहिलो विकल्प भनेको हाल भइरहेको धावनमार्ग नै विस्तार गरी १२३० मिटर लम्बाई 'रनवे' हुन सक्छ भन्ने रहेको छ । यसका लागि ५७ बिघा जग्गा चाहिन्छ । अहिले विमानस्थलको ३९ बिघा जग्गा छ । बाँकी सामुदायिक बनको १२ बिघा, अधिग्रहण १.२ बिघा र सार्वजनिक जग्गा ४.८ बिघा लैजानुपर्ने हुन्छ ।

यसरी विमानस्थल बनाउँदा रु. छ अर्ब १५ करोड ९१ लाख ५४ हजार आठ सय लागत अनुमान गरिएको छ । यसमा फुटपाथ तथा संरचना निर्माणका लागि रु. दुई अरब ७६ करोड ५० लाख ९४ हजार ८६०, भवनलगायतका सामग्रीहरूका लागि रु. तीन अरब १३ करोड ४२ लाख ४० हजार, विविध कामका लागि रु. १५ करोड ७३ लाख २० हजार र जग्गा अधिग्रहण तथा भवन निर्माणका लागि रु. १० करोड २५ लाख लागत अनुमान गरिएको छ ।

यस विकल्पअनुसार अहिले रहेका घरहरू हटाउनु पर्दैन । मन्दिर क्षेत्रको केही जग्गा प्रयोग हुनेछ । यसरी विमानस्थल बनाउँदा एकातिरबाट मात्रै अवतरण र उडान गर्नुपर्ने हुन्छ । यसमा रातको समयमा र कम 'भिजिविलिटी' हुँदा अवतरण गर्न कठिन हुन्छ । रातको समयमा हवाई अवतरण गर्नका लागि थप ४५० मिटर जमिन चाहिन्छ । यसअनुसार काम गरेमा पाँच वर्षमा विमानस्थल बन्नेछ । यसमा आइई र इआइए गर्न दुई वर्ष लाग्नुका साथै जग्गा अधिग्रहण गरेपछि तीन वर्ष लाग्ने बताइएको छ ।

**इन्धन डिपो पनि मारमा**

हाल सोही ठाउँमा नेपाल आयल निगमले इन्धन डिपो स्थापना गरिसकेको छ । त्यो सबै खर्च नेपाल आयल निगमको हो । विमानस्थलको जग्गा मात्रै निगमलाई उपलब्ध गराइएको हो तर महिनामा एक/दुई पटक मात्रै इन्धन खपत हुने गर्दा त्यसबाट खासै आम्दानी लिन नसकिएको इन्धन डिपो कार्यालय तुलसीपुरका लेखा अधिकृत कैलाश देवकोटाले बताउनुभयो । उहाँले भन्नुभयो, "महिनामा एक-दुई पटक मात्रै इन्धन खपत हुन्छ । त्यसले त हाम्रो लगानी अनुसार घाटा नै हुन्छ ।" उहाँका अनुसार चालु आर्थिक वर्षको जेठसम्म ४० हजार ८६५ लिटर मात्रै इन्धन खपत भएको छ । ***रासस***

# निःशुल्क स्वास्थ्य पोर्टल सुरु गरेपछि १२ सय बढीको उपचार

काठमाडौँ, २ असार । सरकारले विपन्न वर्गको स्वास्थ्य उपचारका लागि निःशुल्क स्वास्थ्य पोर्टल सुरु गरेपछि त्यसमार्फत निःशुल्क सेवा लिनेको सङ्ख्या एक हजार २०० नाघेको छ ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले निःशुल्क स्वास्थ्य उपचारको संवैधानिक हक कार्यान्वयन गर्न गत वैशाख ३ गतेदेखि अस्पतालका निःशुल्क शैय्यासम्बन्धी सूचना दिने अनलाइन प्रणाली 'निःशुल्क स्वास्थ्य पोर्टल' सञ्चालनमा ल्याएसँगै विपन्न वर्ग लाभान्वित भएका हुन् ।

पोर्टलमा अद्यावधिक गरिएको जानकारीअनुसार देशभरका सबै अस्पतालमा गरी तत्काल कुल २३ हजार ४५६ वटा शैय्या उपलब्ध छन् । सो सङ्ख्याको १० प्रतिशतअर्थात् दुई हजार ३५६ शैय्या पूर्णतः निःशुल्क उपलब्ध छन् ।

उपलब्ध कुल निःशुल्क शैय्यामध्ये हाल ३५४ शैय्यामा बिरामी छन् । यसरी तत्काल दुई हजार दुई शैय्या निःशुल्क उपलब्ध छन् ।

पोर्टलमा देशभर तत्काल उपलब्ध शैय्या सङ्ख्या, त्यसको १० प्रतिशतले हुन आउने निःशुल्क शैय्या, हाल प्रयोग भइरहेको निःशुल्क शैय्या र बाँकी रहेको निःशुल्क शैय्या सङ्ख्याको अद्यावधिक जानकारी हुन्छ ।

मन्त्रालयले पोर्टलमार्फत अस्पतालहरूमा उपलब्ध हुने अन्य सेवाहरूको अद्यावधिक जानकारी समेत उपलब्ध गराउने तयारी गरेको जनाएको छ ।

स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले संविधान र कानुनले विपन्न वर्गका लागि दिएको सुविधा ती वर्गले पाउने अवस्था सुनिश्चित गर्न निःशुल्क पोर्टल कार्यान्वयनमा ल्याइएको बताउनुभयो । उहाँले भन्नुभयो "यसो नगर्दा लक्षित बर्गले अस्पतालले चाहँदा पाउने नत्र निःशुल्क स्वस्थ्य सुविधा नपाउने अवस्था थियो, त्यसैले विपन्न बञ्चित नगरिने र प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुने भन्ने व्यवस्था छ ।

साथै नेपाल सरकारको स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ को दफा ७० घ मा "अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, बेवारिसे बिरामीका लागि कुल शैय्याको १० प्रतिशत शैय्या छुट्याई निःशुल्क उपचार अनिवार्य रूपमा उपलव्ध गराउनु पर्नेछ" भन्ने व्यवस्था छ ।

त्यसको कार्यन्वयनको लागि अस्पतालहरूमा निःशुल्क उपचार सेवा प्रभावकारी, पहूच योग्य र पारदर्शी बनाउने उद्देश्यले यो अनलाइन प्रणालीको विकास गरिएको जानकारी स्वास्थ्य मन्त्रालयका सहप्रवक्ता डा. समीरकुमार अधिकारीले दिनुभयो । उहाँले भन्नुभयो "विगतमा कार्यविधि नहुँदा के के कुरा निःशुल्क हुने भन्नेमा अन्योल थियो । कार्यविधि बनेपछि सबै पक्षलाई सहज भएको छ ।"

स्वास्थ्य पोर्टल व्यवस्थापनका क्रममा जारी कार्यविधिले १० अस्पतालमा लक्षित वर्गका लागि १० शैय्या अनिवार्य छुट्ट्याइएको हुनुपर्ने, ती शैय्यामा भर्ना हुने बिरामीलाई अस्पतालमा उपलब्ध हुने सबै सेवा निःशुल्क दिनुपर्ने र निःशुल्क शैय्यासम्बन्धी सम्पूर्ण जानकारी निःशुल्क पोर्टल र अस्पतालको सूचना पाटीमा सबैले देख्नेगरी राख्नुपर्ने व्यवस्था गरेको छ ।

सरकारले विपन्न वर्ष लक्षित पोर्टल लागू गरेपछि अस्पतालको अनुगमनका लागि छ वटा समिति गठन गरी देशका ११ वटा सङ्घीय अस्पतालमा खटाएको जनाएको छ । ***(रासस)***

# कैदी हत्या प्रकरण : १५ जनालाई जन्मकैदको सजाय

किमाथाङ्का (सङ्खुवासभा), २ असार । सङ्खुवासभाको जिल्ला कारागार खाँदबारीमा दुई जना कैदी हत्या प्रकरणका १५ जनालाई जन्मकैदको फैसला सुनवाई भएको छ ।

जिल्ला कारागारमा २०८० साउन २४ गते जिल्लाको मादी नगरपालिका-५ का २० वर्षीय विनोद तोलाङ्गी र नुवाकोटको ककनी गाउँपालिका-७ का २८ वर्षीय आकाश बलामीको सुरक्षाकर्मी र केही कैदीबन्दीको कुटपिटबाट मृत्यु भएको थियो । कारागारको शौचालयको झ्यालको रड काटेर भाग्न खोजेको भन्दै नियन्त्रणमा लिएर सुरुमा प्रहरीले र त्यसपछि अन्य कैदीबन्दीले सामूहिक कुटपिट गर्दा दुई कैदीको मृत्यु भएको अनुसन्धानबाट खुलेको थियो ।

दुई कैदी हत्या प्रकरणका सात प्रहरीसहित १५ जनाई जन्मकैदको फैसला भएको जिल्ला अदालतका श्रेस्तेदार उज्वल न्यौपानेले जानकारी दिनुभयो । न्यायाधीश राजकुमार कोइरालाको इजलासले मलुकी अपराध संहिता २०७४ को दफा १७१ (१) बमोजिम कसुरमा जन्मकैद फैसला सुनाएको हो ।

त्यसैगरी सोही संहिताको १८६ बमोजिम प्रतिवादीबाट जनही ५० हजार मृतक तोलाङ्गी र बलामीका नजिकका हकदारलाई क्षतिपूर्ति भराउने ठहर गरेको अदालतका श्रेस्तेदार न्यौपानेले बताउनुभयो । कारागारको शौचालयको झ्यालको रड काटेर भाग्न खोजेको भन्दै नियन्त्रणमा लिएर सुरुमा प्रहरीले र त्यसपछि अन्य कैदीबन्दीले सामूहिक कुटपिट गर्दा उनीहरूको मृत्यु भएको अनुसन्धानबाट खुलेको थियो ।

कैदीको कुटपिटपछि हत्या घटनाका आरोपित सात जना प्रहरीलाई धनकुटा र आठ जना कैदीलाई तेह्रथुम कारागार चलान गरेको थियो । कैदी हत्या घटनामा प्रहरी सहायक निरीक्षक लक्ष्मी चौधरी, प्रहरी जवान सुमन गुरुङ, कारागार सुरक्षा गार्ड दमनसिंह राई, हवल्दार राजकुमार श्रेष्ठ, जवान पवनकुमार महतो, सुरक्षा गार्ड नुसन राईलाई जन्मकैद फैसला भएको छ ।

त्यसैगरी चौकीदार राम कार्की, बडानाइके अनिष शर्मा कट्टेल, सचिन राई, सहनाइके सुमन सारुमगर, टीकाराम चौहान, नवीनकुमार राई तथा कैदीहरू मीनबहादुर तामाङ र इन्द्रध्वज घिमिरेलाई समेत जन्मकैद सजायको फैसला भएको अदालतका श्रेस्तादार न्यौपानेले जानकारी दिनुभयो । कैदीको कुटपिटपछि हत्या अभियोगमा जिल्ला कारागारका इञ्चार्ज असईसहित सात जना प्रहरी र आठ जना कैदीबन्दीलाई नियन्त्रणमा लिएर अनुसन्धान थालिएको थियो । तत्कालीन जिल्ला अदालतका न्यायाधीश टेकनाथ गौतमको इजलासले सात प्रहरीलाई धनकुटा र आठ कैदीलाई तेऱ्हथुम पठाउन आदेश भएको थियो । ***(रासस)***

# फिफा विश्वकप-२०२६ : उरुग्वे र साउदी अरबबिचको खेल बराबरी

काठमाडौँ, २ असार । फिफा विश्वकप-२०२६ अन्तर्गत समूह 'एच' को उरुग्वे र साउदी अरबबिचको खेल बराबरीमा टुङ्गिएको छ ।

अमेरिकाको फ्लोरिडास्थित मियामी स्टेडियममा मङ्गलबार बिहान भएको खेलमा दुवै टोलीले १-१ गोलको बराबरी खेल्दै अङ्क बाँडेका हुन् । खेलको ४१ औँ मिनेटमा साउदीले पहिलो अग्रता लिएको थियो । उसका लागि अब्दुल्लाह अलाम्रीले गोल गर्दै साउदीलाई अग्रता दिलाएका हुन् ।

त्यस्तै साउदीको १-० गोलको अग्रता लामो समयसम्म टिक्न सकेन । खेलको ८० औँ मिनेटमा उरुग्वेका लागि म्याक्सी अराजोले गोल गर्दै खेललाई बराबरीमा ल्याए ।

त्यसपछि दुवै टोलिले गोल गर्न सकेन्न र अन्तत खेल १-१ गोलको बराबरीमा सकियो । यस खेलसँगै समूह 'एच' मा चार वटै टोलीले पहिलो खेलपछि समान एक एक अङ्क जोडेका छन् । गए राति भएको समूह 'एच' कै अर्को खेलमा स्पेन र केपभर्डेले पनि १-१ को बराबरी खेलेका थिए ।

**विश्वकप फुटबल: स्पेन र केप भर्डेबिचको खेल बराबरी**

त्यस्तै फिफा विश्वकप फुटबल प्रतियोगिताअन्तर्गत सोमबार भएको विश्वकप विजेता स्पेन र अफ्रिकन राष्ट्र केप भर्डेलबिचको खेल बराबरीमा टुङ्गिएको छ ।

अमेरिकाको एटलान्टास्थित एट्लान्टा रङ्गशालामा सम्पन्न खेलको निर्धारित समयसम्म दुवै टोलीले गोल गर्न नसकेपछि खेल गोलरहित बराबरीमा टुङ्गिएको हो । सन् २०१० को विश्वकप विजेता स्पेनले विश्वकपमा नवप्रवेशी टोली केप भर्डेसँग निकै दबाबमा खेले पनि गोल गर्न भने सकेन । यस बराबरी खेलसँगै विश्वकपको समूह 'एच'मा रहेका दुवै टोलीले समान एक/एक अङ्क जोडेका छन् । ***(रासस)***

